सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ मंसिर २०८१, सोमबार (9 Dec 2024, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २३२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रविमाथि प्रहरीको 'अमानवीय व्यवहार'

मानव अधिकार आयोगले बोलायो उच्च प्रहरी अधिकारी



■ रविलगायतमाथि मानव अधिकारको उल्लंघन नगर्न अदालतको आदेश

■ रास्वपाले मानव अधिकार आयोगमा दियो उजुरी, संसदीय समितिमा पनि उठ्यो मानव अधिकार हननको विषय

■ थप चार दिन हिरासतमा राख्न अदालतको अनुमति

पोखरामा **रोहितराज पराजुली**
काठमाडौंमा **कमलराज भट्ट**

अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेमाथि प्रहरीले अमानवीय व्यवहार गरेको भनेर परेको उजुरीमा राष्ट्रिय मानव अधिकार आयोगले विस्तृत छानबिन थालेको छ। घटना गम्भीर प्रकृतिको देखिएको भन्दै आयोगले प्रहरीका उच्च अधिकारीलाई आयोगमै बोलाएर जवाफ माग्ने भएको छ।

आयोग स्रोतका अनुसार सोमबार आयोगमा प्रहरीका उच्च अधिकारीलाई सो विषयमा बुझ्न बोलाइएको छ। 'विषय संवेदनशील देखिएपछि प्रहरी अधिकारीलाई नै आयोगमा बोलाएका हौं,' आयोगका एक सदस्यले भने।

गत १९ मंसिरको मध्यरातिे लामिछानेलाई चितवनबाट पोखरा लगिएको थियो। अस्वस्थ रहेको अवस्थाका उनलाई उनका आफन्त र कानुन व्यवसायीलाई समेत झुक्याएर इच्छाविपरीत मध्यरातिे हिरासत सारिएको घटनाप्रति सर्वत्र प्रश्न उठेको छ। भोलिपल्ट (२० मंसिरमा) विमानमार्फत पोखरा लैजाने भनिएकोमा सुत्न लागेको अवस्थामा उनलाई जबर्जस्ती गाडीमा राखेर पोखरा लगिएको भन्दै प्रहरीको व्यवहारमाथि प्रश्न उठिरहेको छ।

यस विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी र

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ इजलासमा लामिछानेले भने-

राज्यको खेदाइमा छु, तर निराश छैन, न्यायालयको आस छ

मलाई काठमाडौंबाट पोखरा लगेर त्यहाँबाट चितवन लैजाने भनिएको थियो। तर, काठमाडौंबाट सीधै चितवन लगियो। चितवन लगेर पनि स्वास्थ्य परीक्षण गरिएन। लैजाने क्रममै टाउको दुखेको थियो, त्यो जानकारी प्रहरीलाई दिँदासमेत आराम गर्न नदिएर बयान लिने काम भयो। दोस्रो दिन पनि टाउको दुखेको जानकारी गराउँदागराउँदै बिहान ८ बजेबाट राति ९ बजेसम्म बयान लिने काम भयो।

बयान सकेर प्रहरी कार्यालय लगियो। भेट्न आएकासँग केहीबेर कुरा गरेर राति १० बजेतिर सुत्न गएँ। केही समयपछि कोठामा आएका एसपी 'आईजिपीको फोन आएको' भन्दै बाहिर निस्के। फोनमा दुईजना गफ गर्दाको केही आवाज मैले पनि सुनें, आईजिपीले एसपीलाई अपशब्द बोल्दै 'अहिल्यै लिएर जा' भनेको सुनें।

त्यसपछि एसपी आएर 'पोखरा अहिले नै लैजान भनिएकाले तयार हुनुस्' भनियो। मैले 'औषधि खाएको छु, केही गाह्रो पनि भएको छ, अहिले आराम गर्न दिनुस्' भनेर पटक-पटक आग्रह गरें, तर सुनिएन। 'पोखरा लैजाने नै भए परिवारका सदस्य र कानुन व्यवसायीसँग भेट गर्न दिनुस्' भनें। मेरो त्यो आग्रह पनि सुनिएन। चार-पाँचजना प्रहरी आएर मलाई तान्न सुरु गरे। एकजनाले त मादक पदार्थ खाएको गन्धसमेत आएको थियो। पोखरा आएपछि मलाई स्वास्थ्य परीक्षणका लागि लगियो, प्रेसर नाप्दा १८०/९० रहेछ।

हिरासतमा राखेदेखि बयान लिने र ठाउँठाउँमा उजुरी हाल्न लगाउने काम भइरहेको छ। अदालतले समेत म्याद थपेको थप्दै गरेको छ। परिवारका सदस्य र कानुन व्यवसायीलाई सहज तरिकाले भेट गर्न दिइएको छैन। त्यही भएर मेरो स्वास्थ्यमा समस्या आएको छ। ममाथि किन यति धेरै अन्याय र अत्याचार भएको छ? परिवारकै चरित्रहत्या गर्ने काम भइरहेको छ।

मैले लेखेका डायरी हराएका छन्। मलाई यत्तिका दिन हिरासतमा राख्दा नष्ट गर्ने के कुरा भेटियो? मेराविरुद्ध राज्य नै लागेको छ, निरन्तर राज्यको खेदाइमा परिरहेको छु। तैपनि निराश छैन, न्यायालयप्रति आस छ। संसदीय छानबिन विशेष समितिले सहकारीबाट रकम ल्याउने काममा मेरो सहभागिता र संलग्नता छैन भनेको अवस्थामा त्यसको विपरीत सहकारी ठगी भनेर पत्राउ गरेर अनुसन्धान गर्न २५ दिनले नपुगेर ६० र हाल ९० दिन भनिएको छ। यति गरेर मात्र नभएर जिल्ला-जिल्लामा जाहेरी दिन लगाएर दुःख दिइएको छ, यसलाई इजलासले के-कसरी हेरेको छ श्रीमान्?

■ कांग्रेसमा गुट 'कन्फ्युजन'

देउवाका दाहिना को?

सभापति देउवा मैदानमा नआउने भएपछि १५औँ महाधिवेशनलाई मध्यनजर गर्दै कांग्रेसका परम्परागत गुटका ठाउँमा नयाँ समीकरणका प्रयास जारी, तर भावी नेतृत्वबारे देउवाको मौनताले उनकै खेमाका नेताहरू पनि अलमलमा

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

०८४ को आमनिर्वाचनपूर्व सबैभन्दा ठुलो दल कांग्रेसको आन्तरिक जीवनमा धेरै उथलपुथल हुँदै छ। १५औँ महाधिवेशनकेन्द्रित कांग्रेसका गतिविधि र उसको आन्तरिक जीवनमा देखिने हेरफेरले ०८४ को चुनावी अभियान र समग्र राष्ट्रिय राजनीति प्रभावित हुन सक्छ। त्यसैले, कांग्रेसको भावी नेतृत्वलाई लिएर उसका परम्परागत समूहहरूमा व्यापक हेरफेरको सम्भावना बढ्दै गएको छ। र, विभिन्न पदमा आकांक्षी नेताका गतिविधि पनि त्यसैतर्फ उन्मुख छन्।

कुनै अप्रत्याशित कदम उठाएनन् भने १५औँ महाधिवेशनमा कांग्रेस सभापति शेरबहादुर देउवा पुनः सभापतिको उम्मेदवार हुने छैनन्। विधानले पनि तेस्रो कार्यकालको परिकल्पना गरेको छैन र देउवा आफैंले पनि उम्मेदवार नबन्ने घोषणा गरेपछि कांग्रेसमा भावी नेतृत्वमा नयाँ अनुहार आउने निश्चितजस्तै छ। सभापति देउवा मैदानमा नआउने भएपछि भावी नेतृत्व मध्यनजर गरेर कांग्रेसका परम्परागत समूहका ठाउँमा नयाँ समीकरणहरूको प्रयास देखिन थालेको छ।

कोशी भेलामा शेखर-गगन अलग-अलग

कांग्रेस विधानको धारा ५७ मा 'पार्टीको सबै तहको कार्यसमितिको सभापति निरन्तर रूपमा दुई पदावधिभन्दा बढी सोही पदमा उम्मेदवार हुन पाउनेछैन' भन्ने व्यवस्थाले देउवा आफैं मैदानमा उत्रिनेछैनन्। ०७८ मंसिरमा १४औँ महाधिवेशन भएको कांग्रेसको नियमित १५औँ महाधिवेशन ०८२ मा हुनुपर्ने हुन्छ। असाधारण परिस्थितिमा महाधिवेशन एक वर्ष बढाउने कांग्रेस विधानको व्यवस्था छ। यसो गर्दा पनि ०८४ को चुनाव

» पृष्ठ २ मा क्रमशः



■ देउवाको मौनताले नेताहरूमा 'कन्फ्युजन'

आगामी महाधिवेशनमा नेतृत्वको दौडमा नरहेकोमा सभापति शेरबहादुर देउवा स्पष्ट छन्। तर, उनले कसलाई समर्थन गर्छन् भन्ने सबैभन्दा महत्त्वपूर्ण र कांग्रेस नेतृत्वका लागि करिब करिब निर्णायक प्रश्नमा भने उनी मौन छन्। देउवाको मौनताले उनका समूहका नेताहरूमा 'कन्फ्युजन' छ। 'तीनै तहको निर्वाचनमा कांग्रेस ठुलो पार्टी बनेको छ। मैले सबैभन्दा ठुलो पार्टी बनाइहालें। भोलिका दिनमा पार्टीलाई अझै बलियो बनाउनु छ। अब मैले सहयोग गर्ने हो। म पार्टी सभापति हुनेवाला होइन,' देउवाले २१ जेठ ०८० मा भनेका थिए। त्यसपछि ०८० जेठ २६ मा चितवनमा शेखर-गगन सहभागी कार्यक्रममा उनले आफू सभापतिमा नलड्ने दोहोऱ्याए, 'सभापति लड्ने साथीहरू नडराए हुन्छ। अब म सभापति लड्दिनँ। एमालेले उमेरहद हटाइसक्यो। मैले हटाउनुपर्छ भनेको छैन।'

देउवाले कसलाई समर्थन गर्लान् भन्ने विषयले कांग्रेसको नेतृत्व चयनमा अर्थ राख्छ। उनी व्यक्तिमा होइन, अझै प्रक्रियाको कुरामा केन्द्रित छन्। 'कहाँ उत्तराधिकारी घोषणा गरेर हुन्छ? महाधिवेशन तोकिएकै समयमा हुन्छ। पार्टी नेतृत्व निर्वाचनबाट चयन हुन्छ,' कांग्रेस कोशी प्रदेश सम्मेलनका अवसरमा शनिबार (२१ मंसिर) विराटनगर पुगेका देउवाले सञ्चारकर्मीसँग भने। निकट स्रोतका अनुसार देउवा पत्नी आरजु राणा देउवासहितको राजनीतिक भविष्य सुनिश्चित हुने गरी अनुकूलको नेतृत्व बनाउने प्रयासमा छन्। 'उहाँ सभापतिमा नउठ्ने निश्चित छ। आफू निकटकाको राजनीतिक भविष्य सुरक्षित राख्ने गरी अनुकूल सभापति बनाउनुहोला,' देउवानिकट कांग्रेसका एक पदाधिकारी भन्छन्।

स्वीकार्य व्यक्ति चाहिन्छ

● **एनपी साउद**, संस्थापननिकट नेता



महाधिवेशनको प्रक्रिया सुरु भइसकेको छैन। समूहबाट को दाबेदार भन्ने अहिले नै भन्न सकिँदैन। तर, पार्टी सभापति बनाउँदा समर्पित, सबैले प्रतीक्षा गरेको सम्मानित व्यक्तित्व र पार्टी संगठन संरचनालाई आगामी निर्वाचनसम्म लैजाने सक्षम व्यक्ति चाहिन्छ, जसले मुलुक र राज्य हाँक्न सकोस्।

अहिलेका दृश्य अन्तिम होइनन्

● **गुरुराज घिमिरे**, इतरसमूहका नेता



हाम्रो प्रयत्न शेखर-गगन समूहलाई एकताबद्ध गर्दै अरूलाई पनि जोडेर परिणाम निकाल्ने हुन्छ। प्रयत्न कति सार्थक हुन्छ र सफल हुन्छ, समय क्रमले देखाउँछ। अब कसरी गुटहरू बन्छन् र कसरी ध्रुवीकरण हुन्छ, अहिले नै भन्न सकिने अवस्था आइसकेको छैन। अहिले सतहमा देखिएका परिदृश्य अन्तिम होइनन्, समूह तितरबितर भइसक्यो भन्ने छैन।

■ विश्लेषक पुरञ्जन आचार्य भन्छन्-

गुटले आकार लिइसकेको देखिन्न



१४औँ महाधिवेशनपछि पार्टीको इतरसमूहको रूपमा बनेको शेखर-गगन समूह अहिले इन्ट्याक छ/छैन भन्ने स्पष्ट छैन। त्यहाँ पनि केही धमिरा लागेको बुझिन्छ। शेरबहादुरजीकामा पनि उहाँपछि को भन्ने स्पष्ट भइसकेको छैन। अहिलेसम्म सभापतिमा दाबेदार बन्छु भन्नेमा शेखर, शशांक र गगन देखिन्छन्। शेखरले कोशीमा भेला गरेर दौडाहा सुरु गरेका छन्। गगनले मुख खोलेका छैनन्। कोइराला परिवारलाई एक ठाउँमा ल्याउने प्रयास देखिन्छन्। महाधिवेशनकेन्द्रित समूह नै बनाएर व्यवस्थित गतिविधि भएका छैनन्।

एमालेले पहिचान गऱ्यो उपनिर्वाचन हारका तीन कारण

पहिलो कारण चुनाव परिचालन कमिटीहरूको हेलचेक्र्याइँ

एमालेले विगतमा जितेका वडाहरूमा उपनिर्वाचनमा पराजय भोग्नुको पहिलो कारण चुनाव परिचालनमा कमिटीहरूको हेलचेक्र्याइँ भएको निष्कर्ष निकालेको छ। जनमत बलियो रहेको र परिचालनमा पनि समस्या नरहेकाले सहजै जित निकाल्न सकिने आत्मगत मूल्यांकन गरिएको उसको ठहर छ। प्रभावकारी विश्लेषण र चुनावी परिचालन नहुँदा हार व्यहोर्नुपरेको एमालेको बुझाइ छ

दोस्रो कारण जनप्रतिनिधिहरू नागरिकका समस्या समाधानमा केन्द्रित भएनन्

पार्टीका तर्फबाट अधिल्लो चुनाव जितेका जनप्रतिनिधिहरू प्रतिबद्धताअनुसार समस्या समाधानमा केन्द्रित नभएकाले पनि उपनिर्वाचनमा अपेक्षाअनुसार नतिजा नआएको एमालेको निष्कर्ष छ। नागरिकका समस्या समाधान र जनगुनासो सम्बोधन उचित ढंगले गर्न नसक्नुले पनि पराजय व्यहोर्नुपरेको विश्लेषण छ।

तेस्रो कारण जनताबाट टाढा भए नेता-कार्यकर्ता

पार्टीमा आबद्ध नेता-कार्यकर्ता जनतासँगको नियमित भेटघाट, अन्तर्क्रिया र घुलमिलबाट टाढा भएको प्रारम्भिक निष्कर्ष पनि एमालेको छ। जसका कारण पहिले जितेको ठाउँमा पराजय व्यहोर्नुपरेको एमालेको बुझाइ छ।

अन्तर्घात भेटिए कारबाही

शुरोजंग पाण्डे/नयाँ पत्रिका

उपनिर्वाचनमा अपेक्षित परिणाम नआएको बताएको एमालेले पराजयका पछाडि मुख्य तीन कारण रहेको प्रारम्भिक निष्कर्ष निकालेको छ। प्रारम्भिक समीक्षाका लागि गत बिहीबार र शुक्रबार ३३ जिल्ला र सात प्रदेश नेतृत्वसँग एमाले केन्द्रीय कार्यालयले रिपोर्टिङ लिएको थियो।

'सम्बन्धित कमिटीहरूले आत्मगत मूल्यांकन गरेर हेलचेक्र्याइँ गर्नु, जनप्रतिनिधिले जनताका समस्या र गुनासालाई नजिक रहेर राम्ररी सम्बोधन गर्न नसक्नु तथा जनतासँग पार्टी कमिटीमा आबद्ध नेता-कार्यकर्ताको अन्तर्क्रिया र घुलमिलको कमी हुनु नै हारको मुख्य तीन कारण हो भन्ने निष्कर्ष रह्यो,' निर्वाचन विभाग प्रमुख नीरज आचार्यले भने।

केन्द्रीय निर्वाचन विभागको समन्वयमा केन्द्रीय कार्यालयका तर्फबाट महासचिव शंकर पोखरेलले जिल्ला अध्यक्ष र इन्चार्ज तथा प्रदेश अध्यक्ष र इन्चार्जबाट रिपोर्ट लिएर

» पृष्ठ २ मा क्रमशः

शिलान्यास गर्दा दमक भ्यु टावर, उद्घाटन गर्दा व्यापारिक कम्प्लेक्स



प्रधानमन्त्री केपी ओलीले आइतबार झापाको दमक नगरपालिका- ३ मा बनेको १८ तले भ्यु टावरको उद्घाटन गरेका छन्। निर्माण सम्पन्न हुँदासम्म सहरी विकास मन्त्रालयले दमक भ्यु टावरको नाममा बजेट विनियोजन गरेको थियो। तर, भ्यु टावरको आलोचना भएपछि भने उद्घाटनका क्रममा नाम फेरेर दमक व्यापारिक कम्प्लेक्स राखिएको छ।

(विस्तृत पृष्ठ ३)

साढे पाँच खर्बका दुई ठुला जलविद्युत्को बहुमत सेयर निजी क्षेत्रलाई बेचिँदै



१,९०२ मेगावाटको मुगु कर्णाली र ४५४ किमाथांका अरुणको न्यूनतम ५१ प्रतिशत सेयर किन्न प्रस्ताव आह्वान

(विस्तृत पृष्ठ ६)

हिउँदमा पानी कम पर्ने, वायु प्रदूषण अझै बढ्ने

आगामी १६ फागुनसम्मको हावापानी आकलन गरेको जल तथा मौसम विज्ञान विभागको देशभर

औसतभन्दा कम पानी पर्ने र अधिकतमसँगै न्यूनतम तापक्रम औसतभन्दा धेरै हुने प्रक्षेपण

यम बम/नयाँ पत्रिका

यसपालि सुक्खायाम अर्थात् हिउँदमा वर्षा कम हुने आकलन गरिएको छ। जसकारण डढेलोका घटना बढ्ने र वायु प्रदूषण खराब स्थितिमा पुग्न सक्ने अनुमान गरिएको छ।


जल तथा मौसम विज्ञान विभागले आगामी १६ फागुनसम्मको हावापानी आकलन गर्दै देशभर औसतभन्दा कम पानी पर्ने र अधिकतमसँगै न्यूनतम तापक्रम औसतभन्दा धेरै हुने प्रक्षेपण गरेको छ। 'प्रशान्त महासागरमा लानिना विकसित हुने क्रममा छ, प्रिमनसुनको सुरुवाती अवधिसम्म लानिना रहँदा यसले पानी कम पर्ने देखिन्छ,' विभागका मौसमविद् सुदर्शन हुमागाईंले भने, 'हिउँदको जनवरी-फेब्रुअरीमा अझ खडेरीको अवस्था हुने देखिन्छ।'

विभागका अनुसार हिउँदेयाममा कोशी प्रदेशको दक्षिणी भूभाग र मधेश प्रदेशको पूर्वी भूभागमा अझ बढी खडेरी हुने देखिन्छ। सुदूरपश्चिम र कर्णालीको दक्षिणी, लुम्बिनीको अधिकांश, गण्डकीको पूर्वी तथा दक्षिणी, बागमती, मधेशको पश्चिमी र कोशीको पश्चिमी भूभागमा पनि सरदरभन्दा कम पानी पर्ने आकलन छ। यसबाहेक क्षेत्रमा पनि

» पृष्ठ २ मा क्रमशः

■ काठमाडौंको हावा एक महिनादेखि अस्वस्थकर, अझै खराब स्थितिमा पुग्न सक्छ

■ हरेक घण्टाको एयर क्वालिटी इन्डेक्स हेर्दा त आइतबार १६८ पुगेको थियो। यो सूचकांक १०० देखि माथि पुग्नु मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छ।



काठमाडौंको हावा एक महिनादेखि अस्वस्थकर छ। वातावरण विभागको मापदण्डअनुसार २४ घण्टामा हावामा पार्टिकुलेट म्याटर (पिएम) २.५ भनिने आँखाले देख्न नसकिने र रौंभन्दा पनि साना धुलोका कण प्रतिघनमिटर औसत ४५ नाघेमा हावा अस्वस्थकर मानिन्छ। तर, कात्तिक मध्यदेखि काठमाडौंको हावामा पिएम-२.५ को मात्रा दैनिक ४६ भन्दा माथि नै छ। यो मात्रा शनिबार ७९.५ रहेकामा आइतबार ७४ रह्यो।

हरेक घण्टाको एयर क्वालिटी इन्डेक्स (एक्युआई) हेर्दा त आइतबार १६८ पुगेको थियो। यो सूचकांक १०० देखि माथि पुग्नु मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छ। स्विटजरल्यान्ड मुख्यालय रहेको आइक्यू एअर नामक संस्थाको वेबसाइटमा उल्लेख भएअनुसार आइतबार विश्वको प्रदूषित सहरको शीर्ष छैटौंमा काठमाडौं छ। बंगलादेशको ढाका पहिलो र पाकिस्तानको लाहोर दोस्रो स्थानमा छन्।

वातावरण विभागका निरीक्षक गोविन्द लामिछाने हरेक वर्षजसो पुस-माघमा प्रदूषण उच्च तहमा पुग्ने गरेको बताउँछन्। 'वर्षा कम भएर सुक्खा हुनुका साथै हावाको गति कम भएमा पनि काठमाडौंमा प्रदूषण धेरै हुन्छ, यस वर्ष पानी कम पर्ने भनेपछि प्रदूषण धेरै हुन सक्छ,' वातावरण निरीक्षक लामिछानेले भने, 'डढेलो अत्यधिक भएमा चैत-वैशाखमा पनि वायु प्रदूषण धेरै हुन्छ।' पछिल्लोपटक ०७७ काठमाडौंको रत्नपार्क स्टेसनमा पिएम-२.५ को मात्रा २४ घण्टामा औसत २०० र एक घण्टामा एक्युआईको मात्रा ४०० नाघेको थियो।

सार्क बडापत्रका ४० वर्ष

शुभकामना सन्देशमै भारत-पाकिस्तान टकराब

SAARC


पर्शुराम काफ्ले/नयाँ पत्रिका

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को बडापत्र जारी भएको ४०औँ वर्ष प्रवेशमा सात सदस्य मुलुकका शीर्ष नेताले शुभकामना दिँदै सार्कको महत्त्वमा जोड दिएका छन्। तर, भारत र पाकिस्तानका प्रधानमन्त्रीले एक-अर्को देशलाई लक्षित गर्दै शुभकामना सन्देशमै टकराब सार्वजनिक गरेका छन्। यद्यपि, उनीहरूले सार्क प्रक्रियामा

» पृष्ठ २ मा क्रमशः

सहमतिमा सम्मेलन गरौं : ओली

प्रधानमन्त्री एवं सार्कका अध्यक्ष केपी ओलीले सहमतिका आधारमा सार्कको १९औँ शिखर सम्मेलन आयोजना गर्न प्रस्ताव गरेका छन्। 'सहमतिका आधारमा सार्कको १९औँ शिखर सम्मेलन गरी सार्कलाई गतिशील बनाउनुपर्छ। विश्वव्यापी भूराजनीतिमा भएको गतिशील परिवर्तन,



अन्तर-राज्य सम्बन्धको जटिलता तथा एआईलगायत प्रविधिको विकासलाई ध्यानमा राख्दै सार्कलाई महत्त्वपूर्ण क्षेत्रीय मञ्चका रूपमा अघि बढाउनु आवश्यक छ,' प्रधानमन्त्री ओलीले सन्देशमा भनेका छन्। उनले बलियो सहयोगको प्रारूप अँगाल्नुपर्ने तथा जलवायु परिवर्तन, गरिबी, अन्तर्राष्ट्रिय संगठित अपराधका कारण उत्पन्न हुने चुनौती सम्बोधन गर्नुपर्ने बताए। 'सार्क अध्यक्षका रूपमा नेपाल बडापत्रको स्पिरिटका आधारमा सहमति, मित्रता तथा आपसी एकताको आधारमा अन्य सदस्य मुलुकहरूसँग सहकार्य गर्न तयार छ,' ओलीले भने।

मानव अधिकार...

पृष्ठ १ बाट क्रमशः

रवि पत्नी निकिता पौडेलले आयोगमा छुट्टाछुट्टै उजुरी दिएका छन्। निकिताले गत शुक्रबार आयोगमै पुगेर उजुरी दिएकी थिइन् भने रास्वपाले शुक्रबारै इमेलमार्फत उजुरी पठाएकोमा आइतबार कार्यालय सचिवलाई ललितपुरको हरिहरभवनस्थित आयोगको कार्यालयमै पठाएर उजुरी दर्ता गराएको छ। दुवै उजुरीउपर प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरी के भएको छ भनेर विस्तृत माग गरिएको आयोगका सचिव मुरारीप्रसाद खरेलले बताए। 'उजुरीउपर छानबिन अघि बढेको छ,' उनले भने, 'यस विषयमा प्रहरी प्रधान कार्यालयलाई पत्र लेखेर जवाफ मागेका छौं।' उता चितवन प्रहरीले भने आइतबार प्रेस विज्ञप्ति निकालेर लामिछानेमाथि दुर्व्यवहार नगरेको र कानुनअनुसार नै पोखरा लगिएको दाबी गरेको छ। तर, मध्यराति पोखरा लगिएको भने स्वीकार गरेको छ।

संसदीय समितिमा पनि उठ्यो मानव अधिकार हननको विषय

संसद्को चौथो दल रास्वपा संसदीय दलका नेता लामिछानेको मानव अधिकार हनन भएको विषय संसदीय समितिमा पनि उठेको छ। आइतबार बसेको राज्य व्यवस्था तथा सुशासन समिति बैठकमा रास्वपा सांसद डा. चन्दा कार्की भण्डारीले घटनाबारे जानकारी दिन सरकारसँग माग गरेकी हुन्। उनले लामिछानेलाई हिरासतबाहिर राखेर अनुसन्धान गर्न प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई यसअघि समितिबाटै अनुरोध गरे पनि सुनुवाइ नभएको बताइन्। 'सुशासन हेर्ने हाम्रो समितिले कानुन सबैका लागि समान हुनुपर्छ, संविधानले दिएको अधिकार सबैले पाउनुपर्छ, यसबारेमा राज्य गम्भीर बनोस्, न्याय र मानव अधिकार उल्लंघन नहोस्, राज्यबाटै ज्यान जोखिममा पर्ने काम नहोस् भनेर हेर्नुपर्छ। कसैको ज्यान जोखिममा पार्ने कसैको पनि अधिकार हुँदैन। सरकारले त यो भन्न् हेर्नुपर्छ,' उनले भनिन्।

सांसद कार्की बोलेपछि समिति सभापति रामहरि खतिवडाले यो विषयमा आफ्नो ध्यानाकर्षण भएको बताएका छन्। तर, अदालतको अनुमतिमा भइरहेको अनुसन्धानको विषयमा दख्खल दिन नमिल्ने उनको भनाइ छ। 'अदालतले अनुमति दिएर अनुसन्धान गरिरहेको विषयलाई राज्य व्यवस्था समितिले प्रधानमन्त्री र गृहमन्त्रीलाई यो गर, अनुसन्धानमा प्रभाव पार भनेर निर्देशन दिने वेला भएकोजस्तो लाग्दैन। अदालतबाट भइरहेको विषयमा समिति प्रवेश गर्दैन। यसमा प्रधानमन्त्री र गृहमन्त्रीले कानुनभन्दा बाहिर गएर व्यक्तिगत ईर्ष्याको आधारमा मुद्दा चलाउनुपर्छ भनेजस्तो मलाई लाग्दैन। त्यस्तो कहीं तपाईंले देख्नुभयो भने हामी त्यसबारेमा छलफल गरौं,' उनले भने।

रविलगायतमाथि मानव अधिकारको उल्लंघन नगर्न अदालतको आदेश

जिल्ला अदालत कास्कीले प्रहरी हिरासतमा रहेका रास्वपा सभापति रवि लामिछानेसहित माथि मानव अधिकारको उल्लंघन हुने कुनै कार्य नगर्न आदेश दिएको छ। न्यायाधीश हिमलाल बेल्वासेको एकल इजलासले 'अनुसन्धानको क्रममा हिरासतमा राख्नका लागि म्याद थप गरिएका व्यक्तिहरूको मानव अधिकारको उल्लंघन हुने कुनै कार्य नगर्नू, नगराउनू भनी जिल्ला प्रहरी कार्यालय, कास्कीलाई लेखी पठाउनू' भनेको हो।

त्यस्तै, रास्वपा सभापति लामिछाने र पूर्वडिआइजी छविलाल जोशीको उच्च रक्तचापको समस्या रहेको भन्ने देखिएकाले चिकित्सकबाट जाँच तथा आवश्यक उपचार गराई उपचारसँग सम्बन्धित कागजातको प्रतिलिपि पेस गर्न पनि अदालतले आदेश दिएको छ। लामिछानेलाई १९ मंसिरमा मध्यराति चितवनबाट पोखरा लगिएको थियो भने त्यस क्रममा प्रहरीले आफूमाथि अमानवीय व्यवहार गरेको उनको आरोप छ। पोखरा पुऱ्याएपछि रक्तचाप जाँच गर्दा १८०/९० देखिएको मानव अधिकार आयोगको टोलीले नै पुष्टि गरिसकेको छ।

२० मंसिर अर्थात् गत बिहीबार पोखरा लैजाने भन्दै आफन्त र कानुन व्यवसायीलाई समेत झुक्याएर अधिल्लै राति लगेपछि छानबिनको माग गर्दै लामिछाने पत्नी निकिता पौडेलले गत शुक्रबार राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिएकी थिइन्। त्यसपछि आयोगको पोखरा कार्यालयको टोलीले लामिछानेसँग सोधपुछ गरेको थियो। आयोग पोखरा कार्यालयका अधिकृत टंक खनालले उजुरीमा उल्लेख भएका विषयमा लामिछानेसँग सोधपुछ गर्दा आफूमाथि चितवन प्रहरीबाट सोहीअनुसारको व्यवहार (उजुरीमा उल्लेख भएका अमानवीय व्यवहार) भएको बताएको खनालले जनाए। सोही आधारमा आयोगको केन्द्रमा प्रतिवेदन पठाएको उनले बताए।

लामिछानेलाई राति सडकमार्गमार्फत पोखरा लैजाँदा परिवारका सदस्य र कानुन व्यवसायीलाई जानकारी नदिएको, मानव अधिकारको गम्भीर उल्लंघन गरेको, आफ्नो टाउको दुखेको र निद्रा नपुग्दा, प्रेसर बढ्दाबढ्दै पनि औषधि खान नदिएको र स्वास्थ्य परीक्षणसमेत नगरिएको लामिछानेले बताएका थिए। त्यस्तै, राति सुतेको अवस्थामा मदिरा खाएका प्रहरी आई उठाएर, तानेर राति १२ बजेतिर कतै आफूलाई मार्ने त होइन भन्ने गरी चितवनबाट उठाएर ल्याइएको लामिछानेले नेताहरूलाई बताएका थिए।

कास्की हिरासतमा रहेका लामिछानेलाई १३ मंसिरमा काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको ठगी प्रकरणमा बयान र अनुसन्धानका लागि काठमाडौं लगिएको थियो। काठमाडौंमा बयान सकेर १८ मंसिरमा चितवन लगिएकामा १९ मंसिर मध्यराति पोखरा पुऱ्याइएको थियो। लामिछानेलाई हिरासतमा राखिएको आइतबार ५२ दिन पूरा भएको छ।

लामिछानेसहित पाँचजनालाई थप चार दिन हिरासतमा राख्न अनुमति

जिल्ला अदालत कास्कीले रास्वपा सभापति लामिछानेसहित पाँचजनालाई थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत १३ दिन म्याद थपका लागि अनुमति माग गरेकामा न्यायाधीश हिमलाल बेल्वासेको आइतबारको इजलासले थप चार दिन म्याद थप गरेको हो।

अदालतले लामिछानेसँगै गोर्खा मिडिया नेटवर्कका तत्कालीन उपाध्यक्षसमेत रहेका पूर्वडिआइजी छविलाल बन्जाडे जोशी, गुल्मीको मुसिकोट नगरपालिका-४ की स्थायी बासिन्दा लीला पछाई, नेचर हर्बस् इन्टरनेसनल प्राली, गोर्खा ग्रुप अफ कम्पनी लिमिटेडका सञ्चालक एवं सेयरधनी तनहुँको भानु नगरपालिका-८, बगालेफाँटका रामबहादुर खनाल र पोखराका कृष्णबहादुर गुरुङलाई म्याद थप गरेको हो। उनीहरूमाथि पोखराको सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणको आरोप छ।

देउवाका...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस नयाँ नेतृत्वका साथ लड्ने निश्चित छ।

कांग्रेसको १४औं महाधिवेशनमा अस्तित्वमा आएका गुट तितरबितर भैसकेका छन्। तर, १५औं महाधिवेशनका लागि नयाँ गुटहरूले आकार लिइसकेका छैनन्। सम्भावित समीकरणलाई लिएर अर्को गुटप्रति नेताहरूका अभिव्यक्ति नरम देखिन थालेका छन्। विभिन्न पदमा आकांक्षी नेताहरू आफ्नो राजनीतिक भविष्यका लागि 'स्पेस' बनाउने गृहकार्यमा छन्।

कांग्रेस संस्थापननिकट नेता एनपी साउद महाधिवेशनको प्रक्रिया सुरु भएपछि मात्र कांग्रेसका समूह स्पष्ट हुने बताउँछन्। संस्थापन समूहबाट देउवाले कसलाई अघि सार्लान् भन्ने विषय अन्योलमै र अन्तिममा प्रजातान्त्रिक प्रक्रियाबाट नेतृत्व चयन हुने उनको भनाइ छ।

'महाधिवेशनको प्रक्रिया सुरु भइसकेको छैन। समूहबाट को दाबेदार भन्ने अहिले नै भन्न सकिँदैन, तर पार्टीको सभापति बनाउँदा पार्टीमा समर्पित, पार्टीमा सबैले प्रतीक्षा गरेको सम्मानित व्यक्तित्व र पार्टीको संगठन संरचनालाई आगामी निर्वाचनसम्म लैजाने सक्षम नेतृत्व आवश्यक छ,' उनी भन्छन्, 'मुलुक र राज्यव्यवस्था हाँक्ने सक्षम व्यक्ति आवश्यक छ।' यसका लागि कसैले म दाबेदार छु भनेर मात्र हुँदैन। समूहगत रूपमा को भन्ने विषय महाधिवेशनको औपचारिक प्रक्रिया सुरु भएपछि उपयुक्त समयमा आवश्यक निर्णय हुन्छ।'

संस्थापन इतरसमूहमा पनि पछिल्लो समय देखिएको दरारले महाधिवेशनसम्म पुग्दा के होला भन्ने आकलन गरिहाल्ने अवस्था तयार भइसकेको छैन।

कांग्रेस इतरसमूहका नेता गुरुराज घिमिरे आगामी महाधिवेशन केन्द्रित भएर कांग्रेसमा नेताहरू आफ्नो भविष्य सुरक्षित गर्नेतर्फ केन्द्रित बन्न थालेको संकेत बताउँछन्। कांग्रेसमा गुट बन्ने र भत्कने विषय नयाँ नभएको उनको तर्क छ। 'कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा गुटहरू बन्ने, भत्कने र पुनर्गठन हुने विषय सामान्य हुन्। यसलाई स्वाभाविक नै मान्नुपर्छ। आफ्नो अनुकूलतामा कार्यशैलीगत वा महत्त्वाकांक्षागत गुटहरू बन्ने र भत्कने गर्दछन्,' उनी भन्छन्, '१३औंबाट १४औंसम्म पुग्दा हामीले रामचन्द्र पौडेल नेतृत्वको समूहलाई एकढिक्का बनाउने कोसिस गर्‍यौं। खासगरी युवाहरूकै कोसिस थियो। पुराना पुस्ताका नेताहरू आ-आफ्नो बाटो लाग्ने र अरूलाई स्वीकार गर्न तयार नहुँदा त्यसअघि पनि गुट बन्ने र भत्कने भइरह्यो। १४औंमा पुग्दा हामीले गुटलाई एकैठाउँमा राख्न सकेनौं। नेताहरू आफ्नो अनुकूलतामा लागे, लडे,' उनी भन्छन्।

१४औं महाधिवेशनपछि संस्थापन इतरसमूहको नेतृत्व गरिरहेका डा. कोइराला र महामन्त्री गगन थापा समूहमा पछिल्लो समय दरार आएको देखिएको स्विकार्छन्। तर, यही विषयलाई इतरसमूह ध्रुवीकरण भएको रूपमा बुझ्न नहुने घिमिरेको तर्क छ। उनी आगामी महाधिवेशनमा एक बनाएर लैजाने प्रयास हुने बताउँछन्। समयसँगै परिदृश्यले आकार लिने उनको भनाइ छ।

'हाम्रो प्रयत्न शेखर-गगन समूहलाई एकताबद्ध गर्दै अरूलाई पनि जोडेर परिणाम निकाल्ने हुन्छ। प्रयत्न कति सार्थक हुन्छ र सफल हुन्छ, समय क्रमले देखाउँछ। अब कसरी गुटहरू बन्छन् र कसरी ध्रुवीकरण हुन्छ, अहिले नै भन्न सकिने अवस्था आइसकेको छैन,' उनले भने, 'अहिले सतहमा देखिएको परिदृश्य नै अन्तिम होइन। जे सतहमा देखिएको छ, जे प्रचार भएजस्तो छ, ती कुरा अन्तिम होइनन्। अहिले नै समूह तितरबितर भइसक्यो भन्ने अवस्था भइसकेको छैन। यो अलगअलग हुन्छ या नेताहरू कुन गुटमा छिर्छन् अथवा उनीहरूले आफ्नै गुट बनाउँछन भन्ने अहिले नै भन्नु हतार हुन्छ।'

१३औं महाधिवेशनसम्म आउँदा देउवा, कोइराला र तेस्रो धारको रूपमा अस्तित्व कायम गरेका नेता कृष्ण सिटौला समूह सक्रिय थियो। १४औं महाधिवेशनमा आउँदा कोइराला समूह तीनतिर बाँढियो। सिटौला समूह देउवा गुटमा विलिन बन्यो। यद्यपि, १४औं महाधिवेशनपछि सिटौला समूहले केही कार्यक्रममार्फत अस्तित्व देखाउने प्रयास गरेको थियो, तर पछिल्लो समय निष्क्रिय छ। १४औं पछि पनि त्यो प्रयत्न गरे पनि फैलिन भने सकेको छैन।

त्यस्तै, कांग्रेसमा महामन्त्री थापा, अर्का महामन्त्री विश्वप्रकाश शर्मा र नेता प्रदीप पौडेलसहितका युवा नेताहरू एक ठाउँमा उभिने प्रयासको संकेत पनि देखिने गरेको छ। नेतात्रयबिचको निकटताले पुराना पुस्ताका नेताहरूलाई चुनौती दिने चर्चा कांग्रेसमा छ। १४औं महाधिवेशनमा दोस्रो चरणमा सभापतिमा देउवालाई समर्थन गरेका प्रकाशमान सिंह र बिमलेन्द्र निधि समूह पनि महाधिवेशनपछि सक्रिय छैनन्।

नेता नैनसिंह महर कांग्रेस स्थापना गरेका नेताहरूको बहिर्गमन र नयाँ नेतृत्व आउने समय भएकाले बनेका गुटहरूमा व्यापक फेरबदलको सम्भावना रहेको आकलन गर्छन्। तर, अहिले नै स्पष्ट रूपमा गुटबारे भन्न नसकिने उनले बताए।

विश्लेषक पुरञ्जन आचार्य इतरसमूहमा दरार आएको र सभापति देउवाले नेताहरूलाई आफूअनुकूलको नेतृत्व आउने गरी परीक्षण गरिरहेको बताउँछन्। तर, कस्तो समूह बन्छ भन्ने दृश्य स्पष्ट भइनसकेको उनको भनाइ छ। 'ठ्याक्कै समूहहरू पुनर्निर्माण हुन सकेका छैनन्। १४औं महाधिवेशनपछि पार्टीको इतरसमूहको रूपमा बनेको शेखर-गगन समूह पनि अहिले इन्ट्याक छ/छैन भन्ने स्पष्ट छैन। त्यहाँ पनि केही धमिरा लागेको बुझिन्छ। शेरबहादुरजीकामा पनि उहाँपछि को भन्ने केही स्पष्ट भइसकेको छैन। अहिलेसम्म सभापतिमा दाबेदार बन्छु भन्नेमा शेखर कोइराला, शशांक कोइराला र गगन थापा देखिन्छन्,' उनी भन्छन्, 'शेखरले कोशीमा भेला गरेर दौडाहा सुरु गरेका छन्। गगनले पछिल्लो समय यस विषयमा मुख खोलेका छैनन्। कोइराला परिवारलाई एक ठाउँमा ल्याउने विषयमा पनि प्रयास भएका देखिन्छन्। आकार लिइसकेका छैनन्। गतिविधि बढेका छन्। केही घर्षणहरू देखिएका छन्। महाधिवेशनकेन्द्रित समूह नै बनाएर व्यवस्थित योजनाका साथ गतिविधि भएका छैनन्।'

विश्लेषक शंकर तिवारी संस्थापन र संस्थापन इतरसमूहमा आकार आउने गरी फेरबदल नदेखिएको बताउँछन्। सभापति देउवाले समूहबाट दाबेदारका रूपमा कसैलाई अगाडि नसारेको र देउवाले इतरका नेताहरूसँग समेत निकटता देखाइरहेको स्थिति रहेको विश्लेषण गर्छन्। 'शेरबहादुर देउवा समूहका पनि तल्लो तहमा दरार देखिएको छ। देउवापछि कसलाई रोज्ने ? दोस्रो-तेस्रो तहका नेताले सामान्य नेगोसिएसन गर्न खोजेको देखिन्छ। यसबाहेक इतरका नेताहरूसँगको संवाद पनि निरन्तर छ,' उनी भन्छन्, 'गगनसँग सहज हुँदा गगनसँग र शेखरलाई सहज हुँदा शेखरसँग संवाद गर्न खोजिएको देखिन्छ। गगन-शेखर समूहमा फुट आएजस्तो देखिएको छ।'

कोशी भेलामा शेखर-गगन अलग-अलग

कांग्रेसमा गुटगट गतिविधि बुझ्ने पछिल्लो उदाहरण कोशी हो। शनिबार कांग्रेसको कोशी प्रदेश सम्मेलनअगाडि कोइरालाले विराटनगरमा आफ्नो समूहका पालिका सभापतिहरूको भेला राखे। भेलामा प्रदेशका १३७ मध्ये ११३ पालिका सभापति सहभागी भए। भेलामा कोइरालाले आफू महाधिवेशनमा सभापति उम्मेदवार बन्ने र त्यसको सुरुवात भएको बताएका थिए। कोइरालाले गुट भेला गर्ने जानकारीपछि कांग्रेस केन्द्रीय कार्यालयले विज्ञप्ति निकालेर पार्टीको कुनै कार्यक्रम नरहेको जनाएको थियो। महामन्त्री थापा कोइरालाको भेलामा सहभागी थिएनन्। उता शनिबार प्रदेश सम्मेलन बहिष्कार गरी कोइराला चितवन गए। शनिबार नै प्रदेश सम्मेलनकै लागि विराटनगर पुगेका सभापति देउवा नेता शशांक कोइरालासँगै कोइरालानिवास पुगेका थिए।

शुभकामना...

पृष्ठ १ बाट क्रमशः

भने जनाएका छन्। यी दुई देशबिचको तनावका बिच सार्कको १९औं सम्मेलन अनिश्चित छ।

प्रधानमन्त्री केपी ओली, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, बंगलादेशका राष्ट्रपति मोहम्मद शाहबुद्धिन, प्रमुख सल्लाहकार डा. मुहम्मद युनुस, मालदिभ्सका राष्ट्रपति मोहम्मद मुइजू, पाकिस्तानका प्रधानमन्त्री मुहम्मद सेहबाज सरिफ, श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायके र प्रधानमन्त्री हरिणी अमरासुरियाले सन्देश जारी गरेका छन्। सार्क सचिवालयका अनुसार नेपाल, श्रीलंका र माल्दिभ्सले आइतबार सार्क बडापत्र घोषणा भएको दिनका रूपमा सन्देश जारी गरेका हुन्।

भारतीय प्रधानमन्त्री मोदीले शान्ति र सुरक्षाको वातावरण सार्क प्रक्रियाका लागि आवश्यक भएको सन्देशमा भनेका छन्। 'सार्कको सम्पन्नता र आर्थिक विकास प्राप्त गर्न र क्षेत्रीय सहकार्य अघि बढाउन शान्ति र सुरक्षाको वातावरण आवश्यक छ,' पाकिस्तानलाई लक्षित गर्दै मोदीको सन्देशमा उल्लेख छ। शान्तिपूर्ण तथा अन्तरसम्बन्धित दक्षिण एसियाको साझा दृष्टिकोणमा काम गर्न भारत तयार रहेको उनले बताए। विविध क्षेत्रमा आपसी सहकार्यका लागि लिइएका पहल अघि बढाउन भारत प्रतिबद्ध रहेको उनको भनाइ थियो।

पाकिस्तानका प्रधानमन्त्री साहबाज सरिफले सार्क अघि बढ्न सार्वभौम समानता र पारस्परिक सम्मानको सिद्धान्त आत्मसात् गर्नुपर्ने बताएका छन्। 'सार्वभौम समानता तथा पारस्परिक सम्मानको सिद्धान्त आत्मसात् गरेर मात्रै सार्कले सम्पन्न, अन्तरसम्बन्धित तथा विकसित दक्षिण एसियाको लक्ष्य प्राप्त गर्न सक्छ, यसका लागि पाकिस्तान तयार छ,' सरिफले भने।

बंगलादेशका राष्ट्रपति साहबुद्धिनले दक्षिण एसियाली मुलुकबिच सहकार्य तथा सामाजिक-आर्थिक विकासका लागि सुनौलो अवसरका रूपमा सार्क बडापत्र जारी भएको उल्लेख गरे। उनले वातावरण संरक्षण, प्रकोप तयारी, जनस्वास्थजन्य, गरिबी निवारणका क्षेत्रमा सार्कले उल्लेखनीय उपलब्धि हासिल गरेको उल्लेख गरे। उनले सार्कको आदर्शप्रति बंगलादेश प्रतिबद्ध रहेको पनि उल्लेख गरे।

बंगलादेशका प्रमुख सल्लाहकार मोहम्मद युनुसले सार्कमा धेरै उपलब्धि भएको, तर अझै काम गर्न बाँकी रहेको बताए। सार्क दृष्टिकोणका लागि प्रतिबद्धता नवीकरण गर्ने बाध्यकारी आवश्यकता रहेकोमा पनि जोड दिए। शान्तिपूर्ण, सम्पन्न र समावेशी सार्क अघि बढाउन प्रस्ताव गरेका छन्।

भुटानका प्रधानमन्त्री छिरिङ तोग्गेले शान्ति र समुन्नतिका लागि सहकार्य र मित्रतामा जोड दिएका छन्। उनले साझा समझदारी वृद्धि गर्न सार्कले सबैलाई मञ्च उपलब्ध गराएको भन्दै सबै मिलेर सार्कको प्रारूपअन्तर्गत काम गर्नुपर्नेमा जोड दिए। उनले सार्क प्रक्रियाप्रति प्रतिबद्धता पनि जनाए।

श्रीलंकाका राष्ट्रपति दिसानायकेले गरिबी निवारण, दिगो विकास, आर्थिक एकीकरण र सामाजिक प्रगति हासिल गर्ने प्रयासमा जोड दिएका छन्। उनले दक्षिण एसियालाई गतिशील क्षेत्र बनाउन सबै मिलेर काम गर्नुपर्ने पनि उल्लेख गरे। श्रीलंकाकै प्रधानमन्त्री अमरासुरियाले क्षेत्रीय सहकार्यले मात्रै भविष्यका चुनौतीहरू पराजित गर्न सकिने र जनताको समुन्नति हासिल गर्न सकिनेतर्फ ध्यानाकर्षण गराएकी छिन्।

सार्कका महासचिव गोलाम सरबरले इतिहास, संस्कृति र भूगोलले दक्षिण एसियालाई एक ठाउँमा राखेको उल्लेख गर्दै सबै मिलेर साझा अवसर सदुपयोग गर्नुपर्ने र साझा चुनौती सामना गर्नुपर्नेमा जोड दिएका छन्।

१९औं सम्मेलन अनिश्चित

सार्कको १९औं शिखर सम्मेलन भारत र पाकिस्तानबिचको तनावका कारण अहिलेसम्म हुन सकेको छैन। सार्कको १८ औं शिखर सम्मेलन २०७१ मंसिर १० र ११ मा काठमाडौंमा भएको थियो। त्यसयता नेपाल सार्कको अध्यक्ष मुलुक छ। सार्कको ३५ वर्षे इतिहासमा १८ वटा शिखर सम्मेलन भएका छन् भने पाँचवटा शिखर सम्मेलन मात्रै तोकिएको समय र देशमा सम्पन्न भएका छन्। पाँचवटा सम्मेलन समयमै भएका छन्। तर, पूर्ववत् सहमतिभन्दा फरक देशमा सम्पन्न भएका छन्। आठवटा शिखर सम्मेलन भने समयमै भएका छैनन्। नेपालले आयोजना गरेका दुईवटा शिखर सम्मेलन तोकिएभन्दा दुई वर्ष ढिलो भएका छन्।

हिउँदमा...

पृष्ठ १ बाट क्रमशः

वर्षा कम भए पनि खडेरीको अवस्था भने देखिँदैन। गत वर्ष पनि हिउँदमा औसतभन्दा कम पानी पर्दा डढेलो र वायु प्रदूषण खराब स्थितिमा पुगेको थियो। मुख्य २० वटा स्टेसनको औसतलाई आधार मानेर हिउँदमा ६०.१ मिलिमिटर वर्षालाई औसत मानिन्छ। तर, गत वर्ष हिउँदमा सरदरको १९.८ मिलिमिटर र ०७९ को हिउँदमा १२.९ मिलिमिटर मात्र पानी परेको थियो।

विभागले यो हिउँदमा अधिकतम र न्यूनतम दुवै तापक्रम औसतभन्दा धेरै हुने आकलन पनि गरेको छ। 'त्यसै पनि हिउँदमा कम वर्षा हुन्छ, यसपटक सरदरभन्दा कम वर्षा देखिएकाले सरदरभन्दा धेरै तापक्रमको आकलन गरिएको हो,' मौसमविद् हुमागाईंले बताए। सन् २०२३ पछिल्लो ४० वर्षयताकै तातो वर्ष रेकर्ड भएको थियो। सन् २०२४ पनि त्यसभन्दा अझ बढी तातो रेकर्ड हुने आकलन संयुक्त राष्ट्र संघको विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ)ले गरिसकेको छ।

जनवरी र सेप्टेम्बरबिचको विश्वव्यापी औसत तापक्रम १९औं शताब्दीको अन्त्यतिरको तापक्रमभन्दा करिब १.५४ डिग्री सेल्सियस बढी रहेकाले सन् २०२४ अहिलेसम्मकै तातो रहने निष्कर्ष निकालेको हो।

लिलामी बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०८१/०८/२४

यस सा ब उ स संकलित साल गोलिया काठ ९०७.३५ क्यू फिट, साज गोलिया काठ ३४७.६९ क्यू फिट र साल बाउरा २.५चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

सिद्धथानी सा. वन उपभोक्ता समूह, बन्दिपुर ६, तनहूँ।

एमालेले...

पृष्ठ १ बाट क्रमशः

दुईदिने समीक्षात्मक भिडियो बैठक गरेका थिए। यसपटकको उपनिर्वाचनमा मुख्य तीन दल कांग्रेस, एमाले, माओवादीले मात्र नभएर जसपाले समेत पहिले जितेको बहुसंख्यक क्षेत्र गुमाएको अवस्था र प्रवृत्ति देखिएको भन्दै एमालेले यसमा केन्द्रित रहेर समीक्षा गरेको थियो। केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले सम्बन्धित जिल्ला र प्रदेश नेतृत्वले महासचिव पोखरेललाई रिपोर्ड गरेको जानकारी दिए।

कांग्रेसले पहिले जितेका १९ वडामध्ये ११ वटा, एमालेले सातमध्ये ६ र माओवादीले आठमध्ये ६ र जसपाले पनि पहिले जितेको एउटा वडा गुमाउनुले जनताले असन्तुष्टि जनाएर एक पार्टीको विकल्प अर्को मूल धारको पार्टी रोजेको विषय समीक्षामा उठेको थियो।

एमालेले पहिले जितेका झापा कन्काई- ६, सुनसरी गढी- ६, रौतहट ईशनाथ- ७, गोरखा- ५, दैलेख दुल्लु- १३, बझाङ सुर्मा- ४, डोल्पाको त्रिपुरासुन्दरी- ५ मध्ये ६ वटा गुमाएर दैलेख दुल्लु- १३ मा मात्र जित हासिल गरेको थियो। तर, उसले माओवादीले जितेको महोत्तरी रामगोपालपुर- ७, कांग्रेसले जितेको ताप्लेजुङ सिरिजंगा- ३, ओखलढुंगा मोलुङ- ५, कपिलवस्तु शुद्धोधन- १ सहितका चारवटा नयाँ वडामा भने जित हासिल गरेको थियो। अन्य दुई ठुला दलले पनि त्यसैगरी पुरानो गुमाएर नयाँ क्षेत्र जितेको विषय पनि बैठकमा रिपोर्टिड भएको थियो।

एमालेले उपचुनावमा बोनसस्वरूप कांग्रेसले जितेको दैलेख महाबु गाउँपालिकामा अध्यक्ष जंगबहादुर शाही, स्वामी कार्तिकखापर गाउँपालिकामा उपाध्यक्ष सुलोचना भण्डारी र दोलखाको गौरीशंकर गाउँपालिका उपाध्यक्षमा उमा लुंगेली शेर्पा विजयी बनेकी थिइन्।

स्थानीय उपचुनावलाई मिनी जनमत परीक्षणको माध्यम बनाउन एमालेले काठमाडौंको कीर्तिपुर र वडा नं १६ सहित चुनाव भएका ४२ स्थानमध्ये ५० प्रतिशत स्थानमा जितको लक्ष्य राखेको थियो। चुनावलाई समेत मध्यनजर गरेर एमालेले ७ मंसिरमा काठमाडौंको दरबारमार्गमा जागरणसभा पनि आयोजना गरेको थियो।

महासचिव शंकर पोखरेलले बैठकमा स्थानीय चुनाव भएका पालिका र वडाका कमिटीमा मसिनो समीक्षा गरी नेता-कार्यकर्ताबाट असहयोग भएको तथ्य प्रमाण फेला परेमा कारबाही गर्न निर्देशन दिएका छन्। त्यस्तै, विशेषतः हारेका क्षेत्रमा जनताको काममा केन्द्रित हुन र स्थानीय तहमा अन्तर्विरोध भेटिए तलै समाधान गर्दै जिम्मेवारीविहीन असन्तुष्टलाई तत्काल जिम्मेवारी दिएर पार्टी काममा खटाउन पनि निर्देशन दिएका छन्।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Bhaktapur

Invitation for Electronic Bid for Supply of HDPE Pipes

Second date of publication: **2081/08/24**

Federal Water Supply and Sewerage Management Project, Bhaktapur invites electronic bids from Nepalese eligible bidders. The Bidders are requested to visit the PPMO website (www.bolpatra.gov.np/egp) for further information and a complete set of Bidding Documents with detail information.

Contract ID no:	Name of work	Location	Bid Security amount (Nrs)	Bid Fee (Nrs)	Estimate Cost (Without VAT& Contingencies)	Final Bid Submissi on Date and Time	Remarks
01-081/82/Goods/FWSS MP-Bhaktapur(Re-bid)	Supply of Different Size HDPE pipes	Katunje, Bhaktapur	50,000	1000	1765801.00	12:00 noon, 2081/09/09	Sealed Quotation

The account details for the bid fee collection are as follows:
Name of the Bank : Nepal Bank Ltd. Bhaktapur
Name of Office : Federal Water Supply and Sewerage Management Project, Bhaktapur
Office Code no : 313013301
Office Account no : 00101000000001001001
Rajaswa (revenue) Shirshak no. : 14229

Project Chief

Government of Nepal
Ministry of Agriculture and Livestock Development
Food and Nutrition Security Enhancement Project II (FANSEP II)
Project Management Unit, Hariharbhawan, Lalitpur, Nepal
Project ID: P181087, Grant No: TF0C1798

Request For Expressions Of Interest (Reoi)

Date of First Publication : December 5, 2024, (Sourya Daily)
Date of Second Publication : December 9, 2024

The Government of Nepal (GON)/Ministry of Agriculture and Livestock Development (MOALD) has received grant from GAFSP to implement FANSEP II with the world bank as the supervising entity. The project invites eligible consulting firms to express their interest in providing the services for the assignment as mentioned below.

S. N.	Contract ID	Contract description	Selection Process
1	NP-MOALD-408927-CS-CQS_PMIS	Development Of Project Management Information System (Pmis) For Fansep Ii	As Per "World Bank Procurement Regulations For Ipf Borrowers" Dated November 2020

Interested consulting firms may obtain detailed REOI notice, Terms of Reference (ToR) and other information related to the assignment from https://fansep.moald.gov.np.

Expression of Interest along with all required documents must be submitted at FANSEP, PMU office, Hariharbhawan, Lalitpur or through email: fansep2018@gmail.com by **December 20, 2024, 1200 hours.**

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, कास्की, पोखरा

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०८/२४

यस कार्यालयबाट मिति २०८१/०६/१८, २०८१/०६/२१ र २०८१/०६/२३ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/06/081-82 LIDPO/PKR/IFB/WORKS/07/081-82 र LIDPO/PKR/IFB/WORKS/08/081-82 को ठेक्का नं. LIDPO/PKR/W/NCB/60/081-82, LIDPO/PKR/W/NCB/94/081-82 र LIDPO/PKR/W/NCB/107/081-82 को लागि विद्युतीय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सारभूत रुपमा प्रभावग्राही भएका प्रस्तावहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ज (५) बमोजिम खोलिने सम्बन्धी विवरण https://doli.gov.np/doligov/ मार्फत प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

शिलान्यास गर्दा दमक भ्यु टावर, उद्घाटन गर्दा व्यापारिक कम्प्लेक्स



■ **केपी ओली,** प्रधानमन्त्री

यस्तो ठुलो व्यापारिक कम्प्लेक्स देशभर कतै छैन । पहिला बुझ्नलाई समय लाग्छ । मलेसियामा टुइन टावर बनाउँदा माथिरको आलोचना गरे । दुबईमा बुर्जखलिफा बनाउँदा पनि आलोचना भयो । अहिले टुइन टावर मलेसियाको प्रतिमा बनेको छ, आज महत्त्व बुझ्दै छन् ।

झापामा **चिरञ्जीवी घिमिरे**

प्रधानमन्त्री केपी ओलीले आइतबार झापाको दमक नगरपालिका- ३ मा बनेको १८ तले भ्यु टावरको उद्घाटन गरेका छन् । निर्माण सम्पन्न हुँदासम्म सहरी विकास मन्त्रालयले दमक भ्यु टावरको नाममा बजेट विनियोजन गरेको थियो । तर, भ्यु टावरको आलोचना भएपछि भने उद्घाटनका क्रममा नाम फेरेर दमक व्यापारिक कम्प्लेक्स राखिएको छ ।

उद्घाटनका क्रममा ओलीले 'भ्यु' मात्र हेर्ने टावर भनेर आलोचना गरे पनि यो व्यापारिक कम्प्लेक्स भएको बताए । उनले शिलान्यास गर्दा दमक भ्यु टावरको नाममा शिलान्यास गरेका थिए । यसको आलोचनापछि भने सहरी विकास मन्त्रालय यसको नाम दमक व्यापारिक कम्प्लेक्स राखेर उद्घाटन गरेको छ ।

ओलीले भ्यु टावर उद्घाटन ठुलो कार्यसफलता भएको दाबी गरे । उनले यस्तो अग्लो व्यापारिक कम्प्लेक्स देशभर कतै नभएको पनि बताए । 'यस्तो ठुलो व्यापारिक कम्प्लेक्स देशभर कतै छैन । पहिला बुझ्नलाई समय लाग्छ,' उनले भने, 'मलेसियामा टुइन टावर बनाउँदा माथिरको आलोचना गरे । दुबईमा बुर्जखलिफा बनाउँदा पनि आलोचना भयो । अहिले टुइन टावर मलेसियाको प्रतिमा बनेको छ, आज महत्त्व बुझ्दै छन् ।'

व्यापारिक कम्प्लेक्स दमक र झापाकै पहिचान बन्ने ओलीले दाबी गरे । भ्यु टावरले विकासका सम्भावना खुल्ने दाबी गर्दै उनले दमकलाई स्मार्ट र आधुनिक सहर बनाउने बताए । अब यहाँका मानिस हङकङ, स्विट्जरल्यान्डजस्ता मुलुक घुम्न जान नपर्ने उनले बताए । दमक बजारमा ल्यान्डपुलिङ र हाउसपुलिङको सम्भावना नभएकाले आफूले भ्यु टावर सहरभन्दा केही टाढा गाउँमा बनाएको पनि दाबी गरे । 'यो व्यापारिक कम्प्लेक्स जब चल्छ अनि हेर्नुहोला कस्तो रहनेछ, के दिनेछ । यसले अझ चिज दिनेछ,' उनले भने, 'हामीले यसलाई मणि बनाएका छौं, ढुंगा बनाएर फाल्दैनौं ।'

ओलीले डेढ अर्बभन्दा बढी लागतको भ्यु टावर उद्घाटन गरिरहँदा भ्यु टावरसम्म पुग्ने धुलाम्मे र कच्ची सडकको यात्रा गर्दै स्थानीय आइपुगेका थिए । उद्घाटनका समयमा धुलो उड्छ भनेर पानी हालिएको थियो । २६ असार ०७६ मा ठेक्का सम्झौता भएको भ्यु टावरको निर्माण गत वर्षको माघमा सकिएको थियो । यसको निर्माणको जिम्मा चिनियाँ कम्पनी जेडसिजिआइइसी, आशिष र ओम साइराम जेभीले लिएका थिए । निर्माण सम्पन्न हुँदासम्म एक अर्ब ६३ करोड ५४ लाख रुपैयाँ खर्च भएको सहरी विकास मन्त्रालयले जनाएको छ । यो कम्प्लेक्समा दृश्यावलोकनसँगै व्यापारिक, व्यावसायिक, मनोरञ्जनात्मक र कर्पोरेट कार्य हुने सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले बताए ।

भ्यु टावरको प्रवेशसँगै मनोरञ्जनात्मक बगैंचा तथा बालबालिकाका लागि खेल्ने स्थान रहेको उनले बताए । भ्यु टावरमा ४० वटा चारपाङ्ग्रे सवारी र दुई सयवटा दुईपाङ्ग्रे सवारी पार्किङ गर्न मिल्ने सिग्देलले बताए । भ्यु टावरको पहिलो तलादेखि तेस्रो तलासम्म कमर्सियल रिटेल स्पेस, पाँचौंदेखि नौ तलासम्म कर्पोरेट स्पेस, दसौंदेखि १३औं तलासम्म एक्जिबिसन र ग्यालरी तथा १४औं र १५औं तलामा रेस्टुरेन्ट र क्याफे चलाउन मिल्ने उनले बताए । त्यहाँदेखि माथि दृश्यावलोकन गर्न सकिने सिग्देलको भनाइ छ । यो कम्प्लेक्स स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने दृष्टिकोणको आधार भएको बताए ।



झापाको दमक नगरपालिका- ३ मा निर्मित भ्यु टावर । **तस्बिर : नयाँ पत्रिका**

■ अझै बनेको छैन सञ्चालन मोडालिटी

दमक भ्यु टावर (बिजनेस कम्प्लेक्स)को भव्य उद्घाटनपछि अब यहाँ कस्तो व्यवसाय सञ्चालन होला ? यसको उत्तर सहरी विकास मन्त्रालयसँग पनि छैन । भ्यु टावर निर्माणको काम पूरा भएपछि सरकारले विशिष्ट संरचनाको सञ्चालन र व्यवस्थापन निजी क्षेत्रलाई दिने गरी विकास समिति (गठन) आदेश जारी गरिसकेको छ । जसअन्तर्गत दमकको भ्यु टावर पनि सञ्चालन हुनेछ । तर, भ्यु टावरमा कस्ता व्यापार तथा व्यवसाय सञ्चालन हुन्छ भन्ने मोडालिटी अझै तयार भएको छैन । सहरी विकास मन्त्रालयले सञ्चालन मोडालिटी बिस्तारै तयार गर्ने जवाफ दिएको छ । सहरी विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले दमक झापाको ठुलो व्यापारिक केन्द्र भएकाले त्यहीअनुसार अध्ययन गरेर भ्यु टावरको प्रयोग हुने बताए । उनले भ्यु टावरका सबै तला अलग-अलग प्रयोजनका लागि प्रयोग हुन सक्ने गरी निर्माण गरिएको बताए ।

'व्यापारिक कम्प्लेक्सको उद्घाटन भनेको जे उद्देश्यका लागि बनेको हो, त्यसका लागि चाँडै अघि बढाउँछौं । सरकारले विशिष्टीकृत संचरना सञ्चालनका लागि कार्यविधि पनि स्वीकृत गरेको छ । अब हामी यसलाई जे उद्देश्यले बनेको हो त्यसको सञ्चालनका लागि तत्काल अघि बढाउँछौं,' सचिव सिग्देलले भने, 'व्यक्तिगत र निजी प्रतिष्ठानले निर्माण गरेजस्तो हुँदैन, सरकारी संरचनाको भाडामा लगाउने आफ्नै कार्यविधि हुन्छ । सबै कानुनी प्रक्रिया र विधि पूरा गर्न केही समय लाग्छ । हामी त्यसलाई तत्कालै अगाडि बढाउँछौं ।'

■ प्लटिङ व्यवसायीले दिएका थिए जग्गादान

दमक- ३ स्थित दापगाछीमा बनेको भ्यु टावर दमक चोकदेखि करिब पाँच किलोमिटर उत्तर-पश्चिममा पर्छ । त्यो स्थान दमकको ग्रामीण क्षेत्रमा पर्छ । यस्तो ठाउँमा सरकारले जग्गा दलालको चंगुलमा पसेर अर्बौंको आयोजना ल्याएको छ । भ्यु टावर निर्माणका लागि जग्गा दलालले जग्गादान गरेका हुन् । शनिबार भ्यु टावरबारे जानकारी दिन गरिएको पत्रकार सम्मेलनमा परिचय गर्न नदिएको भन्दै जग्गादाता तथा 'माँ पञ्चकन्या हाउजिङ प्रालि'का अध्यक्ष कृष्णराज खतिवडा रिसाएका थिए । उनी रिसाएपछि परिचय गर्न दिएको थियो ।

भ्यु टावरका जग्गादातामध्ये केवलीप्रसाद खरेल, टंकप्रसाद सिटौला, कृष्णराज खतिवडा, रुद्रप्रसाद दाहाल र दीपक प्रसाईं जग्गा व्यवसायी हुन् । उनीहरूबाट ०७३ मा चार बिघा १८ कट्ठा साढे सात धुर जग्गा प्राप्त भएको थियो । नगरपालिकाले प्रतिबद्धता गरेअनुसार पछि केही स्थानीयबाट थप जग्गा प्रप्त भएको थियो । यी पाँचजनाले भ्यु टावरलाई दिएको जग्गा उनीहरूको पुर्ख्यौंली वा पुरानो जग्गा होइन । भ्यु टावर बन्नु एक वर्षअघि स्थानीयबाट जग्गा सस्तोमा किनेर उनीहरूले भ्यु टावरलाई दान गरेका हुन् । जग्गा दिने 'माँ पञ्चकन्या हाउजिङ प्रालि'ले घर जग्गाको कारोबार गर्छ । जसको सम्पर्क कार्यालय भ्यु टावरको ठिक अघि छ । भ्यु टावरका लागि जग्गा दिनुभन्दा एक वर्षअघि हाउजिङ प्रालि र यसका पाँच सञ्चालकले भ्यु टावरवरिपरि जग्गा खरिद गरेका थिए । उनीहरूले त्यहाँका स्थानीयको करिब १२ बिघा जग्गा सस्तोमा खरिद गरेका थिए । १२ बिघामध्येबाट चार बिघा १८ कट्ठा साढे सात धुर जग्गा उनीहरूले दिएका हुन् ।

■ भएन वातावरणीय प्रभाव मूल्यांकन र नक्सापास

भ्यु टावर निर्माणपूर्व गर्नुपर्ने सामान्य काम पनि हुन सकेको छैन । कुनै पनि ठुलो आयोजनाको काम सुरु गर्दा नै वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्नुपर्छ । तर, दमकमा भ्यु टावर बनाउन उपयुक्त छ कि छैन भनेर वातावरणीय प्रभाव मूल्यांकनसम्म गरिएन । निर्माण सुरु भएको पाँच वर्षसम्म पनि सुरुवाती कामसमेत भएको छैन । वन मन्त्रालयको वातावरण तथा जैविक विविधता महाशाखा प्रमुख मेघनाथ काफ्लेले ठुलो आयोजना निर्माण गर्नुअगावै प्रभाव मूल्यांकन गर्नुपर्ने बताए । सहरी विकास मन्त्रालयले भने वातावरण प्रभाव मूल्यांकनका लागि वन मन्त्रालयमा प्रस्ताव लगिएको र स्वीकृतिको तयारीमा रहेको दाबी गरेको छ । भ्यु टावरको दमक नगरपालिकाबाट नक्सापास भएको छैन । १८ तले भव्य संचरना निर्माण गर्दासमेत घरनक्सा पनि पास नगरिएको दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई प्रसाईंले बताइन् ।

■ निजामती विधेयकमा संशोधनकर्तासँग छलफल प्रारम्भ

दलगत ट्रेड युनियन हटाउने साझा मत

कमलराज भट्ट/नयाँ पत्रिका

राज्य व्यवस्था तथा सुशासन समितिले संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका संशोधनकर्ता सांसदसँग छलफल थालेको छ । २० भदौमा सैद्धान्तिक छलफल सकेको समितिले तीन महिनापछि संशोधनकर्तासँग छलफल थालेको हो । प्रशासनिक संघीयता कार्यान्वयनको कानुनी आधारका रूपमा रहेको विधेयकमा १२४ सांसदले एक हजार ५८३ वटा संशोधन राखेका छन् ।

मुलुक संघीयतामा गइसकेपछि निजामती सेवा ऐन, २०४९ लाई संशोधन गर्न सरकारले २१ फागुन ०८० मा विधेयक प्रतिनिधिसभामा दर्ता गरेको थियो । १५ जेठ ०८१ मा प्रतिनिधिसभाले दफावार छलफलका लागि राज्य व्यवस्था तथा सुशासन समितिमा आएको थियो । समितिले ६ महिनापछि आइतबार ४० जना संशोधनकर्ता बोलाएको थियो । जसमध्ये सातजनाले उपस्थित भएर आफ्नो संशोधन प्रस्तावलाई दफावार रूपमा समितिमा प्रस्तुत गरेका छन् । संशोधनकर्ताले प्रस्ताव राखेको नौ महिनापछि छलफलमा बोलाउँदा आफ्नो संशोधन प्रस्ताव नै बिर्सिएको गुनासो गर्दै निजामती सेवाबाट दलगत ट्रेड युनियन हटाउनुपर्ने मत राखेका थिए ।



● **एकनारायण अर्याल,** मुख्यसचिव

एमालेका अच्युत मैनालीले कर्मचारीहरू राजनीतिमा केन्द्रित हुँदा सेवामा असर गरेको भन्दै दलगत ट्रेड युनियनलाई विधेयकमा ठाउँ दिन नमिल्ने बताए । दलगत युनियन बन्द गरेर आधिकारिक ट्रेड युनियनमा जानैपर्ने उनको भनाइ थियो । माओवादीकी उर्मिला माझीले दलगत ट्रेड युनियनले राज्य सञ्चालनमै समस्या पैदा भएको भन्दै कानुनले आधिकारिक ट्रेड युनियन मात्रै चिन्नुपर्ने बताइन् । जसपाकी रञ्जुकुमारी झाले भनिन्, 'ट्रेड युनियनले धेरै समस्या छ । ट्रेड युनियनमा सानो पदको कर्मचारीले भिसी थर्काउँछ । एउटा आधिकारिक राख्नुपर्छ । दलगत हटाउनुपर्छ ।'

एमालेकी बिजुला रायमाझीले सरुवा-बढुवा कार्यसम्पादन मूल्यांकनका आधारमा हुनुपर्ने र बढुवाका लागि पछिल्लो पाँच वर्षको कासमुलाई आधार बनाउनुपर्ने बताइन् । उनले सहकारी सेवा पनि निजामती सेवामा थप्नुपर्ने प्रस्ताव गरिन् । एमालेकै प्रतीक्षा तिवारीले कर्मचारीले दुर्गममा अनिवार्य सेवा गर्ने वातावरण बनाउनुपर्ने बताइन् ।

काँग्रेसकी कान्तिका सेजुवालले कर्णालीमा दक्ष कर्मचारी पठाउने व्यवस्था गर्न माग गरिन् ।

खेलकुदमन्त्री तेजुलाल चौधरीले निजामतीमा थारू कोटा व्यवस्था गर्न माग गरे । सांसदहरूले कर्मचारीको छिटोछिटो सरुवा र स्थानीय तहमा समायोजनमा गएका कर्मचारीलाई प्रदेशसम्म आउने बाटो खोल्न माग गरेका थिए ।

संघीय, मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले विधेयक छिटो टुंग्याउन समितिलाई अनुरोध गरेका थिए । सरकारका मुख्यसचिव एकनारायण अर्यालले विधेयक पारित नहुँदा ज्यादै समस्या भएको बताए । 'राजनीतिक संघीयता पूर्ण कार्यान्वयनमा आयो । प्रशासनिक संघीयता कार्यान्वयन हुन सकेन । सेवा-सुविधामा ग्याप छ । कर्मचारी र नागरिक ग्याप छ । सेवा प्रवाह प्रभावकारी हुन सकेन,' उनले भने । पद्धतिबाट कर्मचारी चलाउन नसक्दा विकृति बढेको र जनता प्रत्यक्ष मारमा परेको बताए । 'प्रदेशमा कर्मचारी खटाउन सकेको छैन । प्रदेशले आफ्नो ऐन बनाएको, अवकाश ६० बनाएको, माथि ५८ छ । पेन्सनपट्टा पाउन नसकेको, रोकिएको छ, समायोजनमा पनि त्रुटि भयो । जबर्जस्ती हुँदा समस्या भएको छ,' उनले भने । ऐन नहुँदा कर्मचारी खेलौना भएको र जनता र सेवामा ग्याप सिर्जना भएको उनले सुनाए ।

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/२४

अधिकृत छौठौं करार सेवामा भर्ना सम्बन्धी सूचना

यस वैदेशिक रोजगार विभागको निर्णयानुसार चालु आ.ब. २०८१/८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम (सुरक्षित आप्रवासन परियोजना तर्फ) भित्र रही तपसिल बमोजिमका जनशक्तिहरू चालु आ.ब. को बाँकी अवधिका लागि करार सेवामा भर्ना गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस विभागमा आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

१. **विज्ञापन नं./पद/संख्या र क्षैक्षिक योग्यता :**

क्र. सं.	विज्ञापन नं.	पद	पद संख्या	सेवा, सुविधा	शैक्षिक योग्यता/अनुभव	कैफियत
१	०१-०८१/८२	**सूचना प्रविधि ईन्जिनियर** (IT Engineer)	१	स्वीकृत TOR बमोजिम	Bachelor's Degree in Computer Engineering. Electronics Engineering, BSc IT or equivalent, 2 years' work experience in software development and as mentioned on TOR	
२	०२-०८१/८२	**कानुनी सहायता अधिकृत**	२	स्वीकृत TOR बमोजिम	कानून विषयमा स्नातक, अधिवक्ताको प्रमाणपत्र लिएको	

२. **दरखास्त दस्तुर :** प्रत्येक पदका लागि रु. १२००/- (अक्षरुपी एक हजार दुई सय रुपैया मात्र) (राष्ट्रिय वाणिज्य बैङ्कमा रहेको खाता नं. १०००१००२०००१०००० , राजस्व शीर्षक १४२२९ र कार्यालय कोड : ३७१०२३५०१ मा नगद जम्मा गरेको सक्कलै भौचर संलान गर्नुपर्नेछ ।)

३. **दरखास्त दिने स्थान :** वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाडौं

४. **दरखास्त दिने अन्तिम मिति र समय :** २०८१/०९/१५ गतेसम्म कार्यालय समयभित्र

५. **तलव भत्ता र सेवा सुविधा :** नेपाल सरकारले तोकेको सुरु पारिश्रमिक तलब रु. ४३,६८९।-

६. **करार अबधि :** चालु आ.व. ०८१/८२ को २०८२ अषाढ मसान्तसम्म ।

७. **उमेर हद :** २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

८. **संलग्न गर्नुपर्ने कागजात :**

उम्मेदवारले दरखास्त पेश गर्दा निम्न कागजातहरू संलग्न गर्नुपर्ने छ :

क) निवेदन
ख) संक्षिप्त Biodata
ग) अवधारणा पत्र Concept Paper
घ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
ङ) शैक्षिक योग्याताको प्रमाणपत्रको प्रतिलिपि
च) कामको अनुभव खुलेको कागजातको प्रतिलिपि

९) **छनौटको किसिम :** अन्तरवार्ता (५०% अङ्क) र अवधारणा पत्र तथा सो को प्रस्तुतिकरण (५०% अङ्क) को मूल्याङ्कनबाट हुनेछ ।

१०) **अन्तर्वार्ताको मिति, समय र स्थान :** विभागको वेवसाइटमा पछि प्रकाशित गरिने छ । थप जानकारीका लागि यस विभागको Website (dofe.gov.np) वा प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

पुनश्च :

- अवधारणा पत्र (Concept Paper) नेपाली वा अंग्रेजी मध्ये कुनै एक भाषामा तयार गरी दरखास्त निवेदनका साथ खामबन्दी गरी पेश गर्नुपर्ने छ । अवधारणा पत्र बढीमा ५ पेजको (कभर पेज सहित) मात्र हुनुपर्ने छ । अवधारणा पत्र तयार गर्दा सम्बन्धित पदको कार्यक्षेत्रगत शर्त (TOR) पदसंग सम्बन्धित विषयवस्तु, कानूनी, नीतिगत र व्यवहारिक विषयवस्तुहरू समेटी तयार गर्नुपर्ने छ ।
- Terms of Reference (ToR) र अन्य जानकारी यस विभागको Website-dofe.gov.np) पेजबाट Download गर्न सकिने छ । थप जानकारीका लागि विभागको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रचण्ड र अमेरिकी सहायक विदेशमन्त्री लुबिच भेटवार्ता

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुबिच भेटवार्ता भएको छ । प्रचण्डनिवास खुमलटारमा आइतबार भएको भेटमा द्विपक्षीय हितका विषयमा कुराकानी भएको थियो ।

नेपाल आर्थिक समृद्धिको बाटोमा अमेरिकालगायत अन्तर्राष्ट्रिय समुदायको सहयोग र सद्भाव महत्त्वपूर्ण हुने उनले बताए । 'हामीले कृषिलाई आधार मानेर ऊर्जा र पर्यटन विकासलाई जोड दिने नीति लिएका छौं,' उनले भने, 'सबै क्षेत्रमा सूचना प्रविधिलाई लिडिङ रोलमा राखेर मात्रै नेपाललाई समृद्ध बनाउन सकिन्छ भन्ने हाम्रो विश्वास रहेको छ । यसका लागि अन्तर्राष्ट्रिय समुदायबाट हुने सहयोग र लगानी महत्त्वपूर्ण हुन्छ ।'

नेपालको शान्ति प्रक्रिया राष्ट्रिय सहमतिका साथ मौलिक रूपमा सम्पन्न हुन थालेको पनि उनले बताए । 'हामीले नेपालमा शान्ति प्रक्रिया टुंग्याउँदै छौं, यो हाम्रा लागि मात्र होइन, शान्ति र स्थायित्व चाहने अन्तर्राष्ट्रिय समुदायकै लागि पनि खुसीको कुरा हो,' प्रचण्डले भने,



'टिआरसी विधेयक पारित भएपछि जसरी अन्तर्राष्ट्रिय समुदायले स्वागत गरेको छ, यसले हामीलाई खुसी बनाएको छ ।'

अमेरिकी सहायक मन्त्री लुले नेपालको प्रगति आफूहरूका लागि खुसीको विषय हुने भन्दै सबै प्रकारका सहयोग र सद्भाव बढाउँदै लैजाने बताए । उनले नेपालको शान्ति प्रक्रिया राष्ट्रिय सहमतिका लागि टुंगिन थालेकोमा खुसी व्यक्त गर्दै अन्तर्राष्ट्रिय समुदायका लागि सुखद खबर भएको बताए । उनले नेपालको आर्थिक विकासका लागि अमेरिकी सरकारले मात्रै नभई जनताले पनि सहयोग गर्दै आएको स्मरण गरे ।

लुम्बिनीमा ३३औं शाक्यमोन्लम पूजा सुरु

लुम्बिनी/ लुम्बिनीमा आइतबारदेखि ३३औं शाक्यमोन्लम पूजा सुरु भएको छ । लुम्बिनी विकास कोषको पहलमा आठ वर्षपछि मानव कल्याण र विश्व शान्तिको कामनासहित शाक्यमोन्लम पूजा सुरु गरिएको हो । २५ वर्षसम्म निरन्तर लुम्बिनीमा गरिएको यो पूजा आठ वर्षअघि रोकिएको थियो । ४१औं शाक्या गोड्मा ठ्रिछेन रिन्पोछेको उपस्थितिमा लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले १० दिने मोन्लम पूजाको शुभारम्भ गरेका हुन् ।

लामाले भारतका ४१औं शाक्य ठ्रिछेनको उपस्थितिमा विश्वकै ठुलो शाक्य मोन्लम पूजा गर्न पाएकोमा खुसी लागेको बताए । उनले लुम्बिनीलाई आध्यात्मिक वातावरण बनाउन विभिन्न पूजा गर्ने गरिएको बताउँदै शाक्यमोन्लम पूजाको निरन्तरताले ठूलो ऊर्जा थपेको बताए ।

'विश्वकै ठुलो गुरुको उपस्थितिमा लुम्बिनीमा शाक्यमोन्लम पूजा हुनु ठुलो कुरा हो,' उपाध्यक्ष डा. लामाले भने, 'यसको निरन्तरताका लागि मैले विशेष पहल गरेको छु, अब यसलाई निरन्तरता दिनुपर्छ ।' आठ वर्षसम्म भारतमा गरिएको पूजा उपाध्यक्ष डा. लामाको विशेष पहलमा मोन्लम पूजाले निरन्तरता पाएको हो । पूजामा विभिन्न मुलुकका लामा, भिक्षु-भिक्षुणी, रिन्पोछे तथा बुद्धका अनुयायीको बाक्लो उपस्थिति छ ।

अपिछेउकै खोलाबाट बिजुली उत्पादन, बस्ती अन्धकारमा

दार्चुलामा **नरेन्द्रसिंह कार्की**

दार्चुलाको अपिहिमाल गाउँपालिका-५ मकरिगाडमा १० मेगावाट विद्युत् उत्पादन हुन्छ । यहाँबाट बलाँचस्थित विद्युत्गृहमार्फत सुदूरपश्चिमका विभिन्न जिल्लामा बिजुली आपूर्ति हुन्छ । तर, बिजुली उत्पादन गर्ने गाउँपालिकाकै बस्ती अन्धकारमा छन् । अपिहिमाल गाउँपालिक-१, २ र ६ का बस्तीमा विद्युत् छैन । पर्यटन अभियन्ता हिमालय भट्ट भन्छन्, 'अपिहिमालको पानीबाट उत्पादन भएको बिजुलीले आधाभन्दा बढी सुदूरपश्चिम उज्यालो छ । तर, अहिले पनि अपिहिमाल गाउँपालिकाका धेरै गाउँ अन्धकारमा छन् ।'

वडा नम्बर ५ मा राष्ट्रिय प्रसारण लाइनको बत्ती जडान गरिएको छ । वडा नम्बर ३ र ४ मा क्षत्तिगाडमा उत्पादन गरिएको सय किलोवाट बत्तीबाट गाउँ उज्यालो छ । अन्य तीन वडाका नागरिक अहिले पनि अँधेरोमा छन् । नेपाल विद्युत् प्राधिकरण दार्चुला वितरण केन्द्रको तथ्यांकअनुसार अपिहिमाल गाउँपालिकाका १४ प्रतिशत घरधुरीमा मात्रै विद्युत् पुगेको छ ।

अपिहिमाल गाउँपालिका-१ स्थित भवानी आधारभूत विद्यालयका शिक्षक कमानसिंह धामी अपिका नागरिकको समस्या बुझ्दिने कोही नभएको गुनासो गर्छन् । अपिहिमालका अधिकांश नागरिकले सोलार र दियालोको भरमा रात काट्न बाध्य भएको अपिहिमाल गाउँपालिका-२ का स्थानीय दशरथ कार्कीले बताए । 'यहीं पारि खण्डेश्वरी रातमा झिलमिली हुन्छ, तर घुसापट्टी पूरै अन्धकार छ,' उनले भने,'



दार्चुलाको अपिहिमाल गाउँपालिका- ५ मा रहेको १० मेगावाटको मकरिगाड हाइड्रोपावर ।

विकासमा विभेद छ । पैसा हुनेले सोलार बत्ती राखेका छन् । तर, हातमुख जोर्न धौ-धौ भएकाले कहाँबाट सोलार किन्नु ? मोबाइल चार्ज गर्न पनि अर्काको घरमा पुग्नुपर्ने बाध्यता छ ।'

ग्रामीण विद्युतीकरणअन्तर्गत अपिहिमाल गाउँपालिकामा विद्युत् विस्तारको काम बल्ल सुरु भएको छ । अपिहिमाल गाउँपालिका-५ का अधिकांश बस्तीमा विद्युत् लाइन विस्तारको काम सम्पन्न भएको कस्मिक इलेक्ट्रोनिक प्रालिका प्रतिनिधि मनोज बस्नेतले बताए । 'यस वर्ष अपिहिमालमा ५० प्रतिशत विद्युतीकरणको काम गर्ने लक्ष्य छ,' उनले भने । हिमाली क्षेत्र र अप्ठेरो बाटो भएकाले विद्युत्को पोल र तार ढुवानीमै समस्या भइरहेको उनले बताए । अहिले ६० भन्दा बढी मजदुर लगाएर निर्माणको काम भइरहेको उनले बताए ।

प्राधिकरण दार्चुला वितरण केन्द्र प्रमुख आनन्द सापकोटाले जिल्लाभर ग्रामीण विद्युतीकरणमार्फत काम भइरहेको बताए । नेपाल विद्युत् प्राधिकरण दार्चुला वितरण केन्द्रका अनुसार आर्थिक वर्ष ०८०/८१ सम्ममा जिल्लाभरका १८ हजार ५४८ घरधुरीमा विद्युत् सेवा पुगेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार दार्चुला जिल्लामा २८ हजार ३८१ घरधुरी छन् ।

प्राधिकरणको दार्चुला वितरण केन्द्रको तथ्यांकअनुसार महाकाली नगरपालिका, शैल्यशिखर नगरपालिका र मालिकार्जुन गाउँपालिकाका अधिकांश घरधुरीमा विद्युत् सेवा पुगेको छ । लेकम, व्यास र दुई गाउँपालिकामा पनि ७० प्रतिशतभन्दा बढी घरधुरीमा विद्युतीकरण कार्य सम्पन्न भएको तथ्यांक छ । मार्मा गाउँपालिकामा ४५ प्रतिशत, अपिहिमाल गाउँपालिकामा १४ प्रतिशत र नौगाड गाउँपालिकामा १२ प्रतिशत घरधुरीमा विद्युत् पुगेको छ ।

लैंगिक हिंसाका वातावरणीय आयाम

घरभित्रको वायु प्रदूषणले बर्सेनि ठुलो संख्यामा महिला र बालबालिकाको मृत्यु भइरहँदा यसलाई लैंगिक हिंसाको मुद्दा नमानिनु दुःखद छ



● युवराज कँडेल

अग्रलेख

हाल दशकअघिसम्म माया, सम्पत्ति, संरक्षण र अस्तित्वका लागि हुने महिला संघर्षका विषयवस्तु वर्तमान समयमा भने राजनीतिक, आर्थिक समानता, स्वतन्त्रता, हिंसामुक्त जीवन, प्रजनन अधिकार र नीति-निर्माणमा समान पहुँचजस्ता विषयमा केन्द्रित भएका छन् । खासगरी लैंगिक समावेशीकरण र लैंगिक हिंसाका मुद्दामा अहिलेको महिला आन्दोलन अघि बढिरहेको देखिन्छ । शिक्षा, सम्पत्ति, सहभागिता र सुरक्षामा लैंगिक विभेदका आवाज निरन्तर उठिरहेका देखिए पनि महिलासँग जोडिएका वातावरणीय मुद्दाहरू खासगरी प्राकृतिक स्रोतसम्मको पहुँच, वातावरणीय सुरक्षा र वातावरणीय सेवाका लागि भुक्तानीजस्ता विषयमा भइरहेको लैंगिक विभेदका घटना अझै सार्वजनिक बहसका विषय बन्न सकिरहेका छैनन् ।

नेपालमा आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा जति लैंगिक विभेद र असुरक्षा छ, त्योभन्दा धेरै विभेद र असुरक्षा वातावरणीय स्रोतको वितरण, प्रयोग र पहुँचमा देखिएको छ । सम्पत्तिको मुख्य स्रोत जमिन हो । राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालका कुल परिवारमध्ये २३.८ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा वा दुवै देखिएको अवस्था छ, जबकि कुल परिवारमध्ये ३१.५५ प्रतिशत परिवारका घरमूली महिला रहेका छन् । अंशबन्डाबाट सम्पत्ति जोगाउन सम्पत्ति पत्नीका नाममा राख्ने, संयुक्त लालपुर्जा राख्दा र महिलाका नाममा रजिस्ट्रेसन गर्दा कम शुल्क तिरे पुग्ने सुविधाले गर्दा जग्गा भएका महिलाको संख्या बढ्दै गएको देखिए पनि नेपालमा वास्तविक भूमिपति महिलाको संख्या निकै कम भएको उनीहरूको आर्थिक हैसियतलाई हेर्दा प्रस्ट देखिन्छ । तेस्रो लिंगीहरूको त झन् पैतृक सम्पत्तिमा अधिकार नपाइरहेका कारणले धनी परिवारका तेस्रोलिंगी पनि सम्पत्तिविहीन भइरहेका छन् । पुँजीको मुख्य स्रोत जमिनको स्वामित्व नभएकाले महिलाले चाहेर पनि ऋण लिन, सरकारले दिने अनुदान प्राप्त गर्न, व्यापार-व्यवसाय गर्न सकेका छैनन् र उनीहरू परनिर्भर बन्न बाध्य छन् । यही परनिर्भरता नेपालमा लैंगिक हिंसाको मुख्य आधार बनिरहेको छ ।

जमिनमा महिलाको अधिकार कम भए पनि जमिनसँग सम्बन्धित कृषि कार्यमा भने महिला नै बढी सहभागी हुने गरेका छन् । विसं २०७८ को जनगणना प्रतिवेदनअनुसार आर्थिक रूपमा सक्रिय महिलामध्ये ६४.८ प्रतिशत कृषि, वन र माछापालनमा संलग्न भएको देखिन्छ, यो संख्या विसं २०६८ मा ७६.६१ प्रतिशत थियो । नेपालमा कृषि कार्य पारम्परिक र मानव बल केन्द्रित रहेको छ । अधिकांश खेतीपाती र पशुपालनका काम महिलाले नै गर्नुपर्ने र यसका लागि महिला नै धेरै लामो समय खट्नुपर्ने हुँदा महिलाको स्वास्थ्य र बौद्धिक क्षमता विकासमा प्रतिकूल असर परिरहेको छ ।

२०८० फागुनसम्ममा नेपालमा स्वच्छ ऊर्जा मानिने विद्युत्मा ९६.७ प्रतिशत जनसंख्याको पहुँच विस्तार भएको भए पनि अझै पनि कुल ऊर्जा खपतमा स्वच्छ ऊर्जाको हिस्सा ११.७ प्रतिशत मात्र छ । नेपालमा खपत हुने ऊर्जामा आधाभन्दा बढी हिस्सा परम्परागत ऊर्जा (दाउरा, गुइँठा र कृषि अवशेष)को रहेको देखिन्छ । भान्साकोठाहरू साँघुरा, अँध्यारा र बन्द किसिमका हुनु र खाना पकाउनका लागि परम्परागत ऊर्जाको प्रयोग बढी हुनाले नेपालमा घरभित्रको प्रदूषणदर विश्वमै उच्च रहेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा प्रतिवर्ष घरभित्रको वायु प्रदूषणका कारण करिब आठ हजारजनाको मृत्यु हुने गरेको छ र यीमध्ये अधिकांश महिला र बालबालिका हुने गरेका छन् । दूरदराजका छाउगोठ र सहरका पक्की कोठामा आगो ताप्दा निस्सासिएर आठ-दशजना मर्दा महिला अधिकार र सामाजिक कार्यकर्ताले ठुलो हल्लाखल्ला गर्ने भए पनि घरभित्रको वायु प्रदूषणले बर्सेनि ठुलो संख्यामा महिलाको मृत्यु भइरहँदा यसलाई लैंगिक हिंसाको मुद्दा मानिएको छैन ।

पछिल्लो समयमा घरबाहिरका आर्थिक गतिविधिमा महिलाको संलग्नता बढिरहेको भए पनि महिलाका लागि ती क्षेत्र कम सुरक्षित छन् । होटेल तथा रेस्टुरेन्ट, नगर सरसफाइ, गार्मेन्ट, कार्पेट, इँट्टा कारखानामा महिला अस्वस्थकर वातावरणमा काम गर्न बाध्य छन् । उद्योग प्रतिष्ठानले कामदारका लागि स्वास्थ्य, सरसफाइ र सुरक्षाको व्यवस्था गर्नुपर्ने, महिलाका लागि छुट्टै शौचालय र बच्चा भएका महिलाका लागि विश्राम कक्षको व्यवस्था गर्नुपर्ने तथा गर्भवती महिलालाई सरल काममा लगाउनुपर्ने नीतिगत व्यवस्था भए पनि महिलाले काम गर्ने अधिकांश कलकारखाना र अन्य क्षेत्र वातावरणीय र भौतिक दृष्टिले असुरक्षित छन् । श्रमिक महिलाको यौनशोषण र दुर्व्यवहारका कुरा कहिलेकाहीं उठ्ने गरेको भए पनि यस्ता महिलाले भोग्नुपरेको वातावरणीय समस्या श्रम र लैंगिक आन्दोलनमा गौण बनिरहेका छन् ।



महिलालाई स्वस्थ, सबल र सुरक्षित बनाउन उनीहरूमाथि भइरहेको वातावरणीय विभेद अन्त्य गर्न र वातावरणीय न्यायमा पहुँच दिलाउन सम्पूर्ण वातावरणीय हक दिलाउनुपर्छ

अधिकांश खेतीपाती र पशुपालनका काम महिलाले नै गर्नुपर्ने र यसका लागि लामो समय खट्नुपर्ने हुँदा महिलाको स्वास्थ्य र बौद्धिक क्षमता विकासमा प्रतिकूल असर परिरहेको छ

नेपाल १३ असोज, २०७६ मा खुला दिसामुक्त देश घोषणा गरिएको भए पनि एघारौं जनगणनाले नेपालका ४.५ प्रतिशत परिवारमा शौचालय नै नभएको देखाएको छ । मधेश प्रदेशमा त यस्ता परिवार १२ प्रतिशत रहेका छन् । कुसंस्कार र गरिबीका कारण खुला ठाउँमा शौच गर्नुपर्ने बाध्यतामा धेरै परिवार छन् । यस्तो परिवारमा किशोरी र महिला ठुलो समस्यामा पर्ने गरेका छन् । दिसा गर्न खुला ठाउँमा जानुपर्ने भएकाले महिलाले थोरै खाना खानुपरेको, दिसापिसाब लामो समयसम्म रोक्दा महिला स्वास्थ्य समस्याबाट पीडित भएको र बाहिर दिसापिसाब गर्न जाँदा महिला हिंसाका घटना भएका खबर बारम्बार सञ्चारमाध्यममा आइरहेका हुन्छन् । के यो अवस्था राष्ट्रिय बहस बनेका लैंगिक हिंसाका घटनाभन्दा कम पीडादायी हुन् र ?

अहिले पनि घाँसदाउरा गर्ने, पानीको जोहो गर्ने जिम्मा महिलाकै रहेको पाइन्छ । युवा रोजगारीका लागि बाहिर जाने क्रम बढेकाले घाँसदाउराको भार महिलामा अझ बढी परेको छ । बढ्दो वनविनाशको कारणले गर्दा वन मानव बस्तीदेखि धेरै टाढा पुगेका छन् । जसले गर्दा घाँसदाउराको व्यवस्था गर्नकै लागि पनि महिलाले धेरै समय र श्रम खर्चनुपर्ने भएको छ । महिलाले उपयोग गर्ने अधिकांश वन सामुदायिक वन बनिसकेका छन् । वनसम्बन्धी नीति-नियमले सामुदायिक वनमा महिलाको अधिकार सुनिश्चित गरे पनि उनीहरूको अर्थपूर्ण सहभागिता हुन सकिरहेको छैन । अहिले विश्वव्यापी रूपमा देखिएको जलवायु परिवर्तन, सुक्खा र खडेरीले पानीका स्रोत सुक्दै गएका छन् । पानीका स्रोत सुक्दै गएकाले परम्परागत स्रोतमा भरपर्ने महिलालले पानीको जोहो गर्न बढी दुःख गर्नुपरिरहेको छ । कतिपय ठाउँमा त तेस्रोलिंगीलाई सार्वजनिक पानीका स्रोतमा पानी भर्न नदिएका घटनासमेत देखिएका छन् । घाँसदाउरा, पानी र शौचका लागि मिहिनेत गर्नुपर्ने हुँदा महिलाको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक संलग्नतामा प्रतिकूल असर परिरहेको छ ।

पछिल्ला वर्षमा पहाडी क्षेत्रमा बसाइँसराइले गर्दा बस्तीहरू शून्य हुँदै छन् र भएका बस्तीमा पनि महिला, बालबालिका र पाका पुस्ता मात्र रहेका छन् । वन्यजन्तुले महिला र बालबालिकालाई कम टेर्ने भएकाले पहाडी क्षेत्रमा बढ्दो वन्यजन्तुको आक्रमणमा यिनीहरू नै बढी परेका छन् । महिला र बालबालिका साँझ नपर्दै ढोका थुनेर बस्न बाध्य भएका, बालिका टाढाको स्कुल जान नसकेका, खेतबारीमा काम गर्न नसकेका समाचार आउने क्रम बढिरहेको छ । यसबाहेक महिलाको सोझोपनको फाइदा उठाई उनीहरूलाई तस्कर र सिकारीले वातावरणीय अपराधमा संलग्न गराउने गरेकोसमेत पाइन्छ । गिट्टी कुट्ने, नदीबाट बालुवा निकाल्नेजस्ता काममा लागेका श्रमिक महिलाले भोग्नुपरेका हिंसाजन्य घटना अनेकौं छन्, जुन हिंसाविरुद्धको अभियानमा चर्चाको स्थान पाइरहेका छैनन् ।

सामाजिक मूल्य-मान्यता, परम्परा र आवश्यकताले गर्दा नेपालका महिला वातावरणसँग पुरुषको तुलनामा नजिक छन् । यही निकटताका कारण महिलामा वातावरणीय ह्रासको असर बढी परेको देखिन्छ । वातावरणीय स्रोतमा महिलाको कम पहुँच हुनु, महिलाले गरेको वातावरणीय सेवाको उचित कदर नहुनु र वातावरणीय ह्रासबाट महिलामा असर परिरहँदा पनि महिलाले न्याय नपाउनु लैंगिक हिंसाका प्रमुख वातावरणीय विषयवस्तु हुन्, जुन कुनै पनि अवस्थामा लैंगिक हिंसाका अन्य मुद्दाभन्दा कम संवेदनशील छैनन् । तर, अन्य अधिकारबारे ठुलठुला बहस र आन्दोलन भइरहँदा जीवनको अधिकार मानिने स्वस्थ वातावरण, प्राकृतिक स्रोतसम्मको पहुँच र प्राकृतिक स्रोतको समन्यायिक वितरणजस्ता वातावरणीय अधिकार प्रयोगमा भएका विभेद र हिंसाका विषय अझै ओझेलमा परिरहेका छन् । यी अधिकारविना अन्य महिला अधिकारको उपलब्धताको अर्थ रहँदैन । महिलालाई स्वस्थ, सबल र सुरक्षित बनाउन उनीहरूमाथि भइरहेको वातावरणीय विभेद अन्त्य गर्न र वातावरणीय न्यायमा पहुँच दिलाउन सम्पूर्ण वातावरणीय हक दिलाउनुपर्ने हुन्छ । यसका लागि लैंगिक हिंसाविरुद्धको आन्दोलनमा वातावरणीय मुद्दाहरू समेट्न जरुरी देखिन्छ ।

(कँडेल वन तथा वातावरण विषयमा कलम चलाउँदै आएका छन्)

yrkandel@gmail.com

३ प्रश्न

मनोविद्
डा. गंगा पाठकलाई



बालबालिकालाई प्रारम्भिक बाल विकास अर्थात् इसिडीमा के सिकाउनु ठिक होला ?

प्रारम्भिक बाल विकास अर्थात् इसिडीको अर्थ किताब, कापी बोकेर पढ्न सिकाउनु होइन । इसिडीमा त समूहमा घुलमिल हुन र साथीहरूसँग बोल्न, खेल्न सिकाउनुपर्छ । तर, हामीकहाँ खुलेका प्रायजसो बाल विकाससम्बन्धी स्कुलहरूले बालबालिकालाई अनावश्यक बोझ र तनाव दिइरहेको अवस्था छ । दुई-तीन वर्षको उमेरका कलिला बालबालिकालाई पढाउने, लेखाउने र घोकाउने गरेको पाइन्छ । बाल मस्तिष्क विकासका दृष्टिले यो राम्रो हुँदै होइन ।

बाल विकास केन्द्रहरूले के गर्दा ठिक होला त ?

अहिलेका आमअभिभावकबाट बालबालिकाले पढ्नै मन गरेनन् भन्ने गुनासो आइरहेको हुन्छ । उनीहरूले पढ्न, लेख्न मन नगर्नुको मूल कारण पनि सानैदेखि उनीहरूमा पढाइको बोझ बोकाउनु हो । अहिले इसिडीलाई दुई वर्षको मात्र बनाउने भन्ने विषय चर्चामा आएको सुनिन्छ । यो बहस ठिक छ । तर, यति भन्दै गर्दा यस तहमा बालबालिकालाई पढाइको बोझ थपिदिने गल्ती गरियो भने त्यसले उनीहरूमा पढाइ, लेखालाई बोझ ठानेर त्यसबाट भाग्ने मनोवृत्तिको विकास हुन सक्छ । यो उमेरमा त उनीहरूलाई सकभर फरकफरक परिवेशबाट आएका समान उमेरका अन्य बालबालिकासित घुलमिल हुन, बोल्न, समूहमा खेल्न सिकाउनुपर्छ । अर्को कुरा कुनै पनि बच्चा पाँच वर्ष नहुँदै उसको शारीरिक र बौद्धिक विकास राम्रो हुन सक्दैन । यसबारे सबै सचेत हुनु जरुरी छ ।

इसिडी तह पनि सामान्य स्कुल नै हो ?

इसिडी तहमा बालबालिकालाई उनीहरूका रुचिअनुसारका काम गर्न दिने, बढीभन्दा बढी बोल्न लगाउने, बालमनोविज्ञान बुझेर उनीहरूसित व्यवहार गर्ने विषयमा ध्यान दिनुपर्छ । उनीहरूको बौद्धिक, सामाजिक, शारीरिक र भाषिक विकासको आधार हो इसिडी । त्यसैले, यो सामान्य स्कुल होइन ।

प्रेरक प्रसंग

निरन्तरको लगन र इच्छाशक्ति

डा. रोजर ब्यानिस्टरको जन्म सन् १९२९ मा बेलायतमा भएको थियो । चर्चित स्नायु विशेषज्ञ भएर पनि उनी थोरै फुर्सद पाउनासाथ दौडिने अभ्यासमा जुटिहाल्थे । त्यतिखेरसम्म बेलायतका कुनै पनि तीव्र गतिका धावकले एक माइल लामो दौड चार मिनेटभन्दा कम समयमा पूरा गर्न सकेका थिएनन् । जब उनले आफ्ना मित्रबाट यस विषयमा सुने, तब उनले नियमित अभ्यासबाट यो समय कम गर्न असम्भव नभएको प्रतिक्रिया जनाउँदै भने- निरन्तर कोसिस जारी राख्ने हो भने केही पनि असम्भव छैन ।



उनीहरूबिच कुराकानी हुँदै गर्दा त्यहाँ अर्का एक चिकित्सक पनि थिए । उनले डा. रोजरसित भने- डा. साब, मानिसमा त्यति तेज गतिमा दौडिने शक्ति नै हुँदैन । त्यसैले, यसमा अभ्यासको कुनै भूमिका हुँदैन । डा. रोजरले भने- तपाईंहरू मलाई केही समय दिनुहोस्, म चार मिनेटभन्दा कम समयमा एक माइल दौड पूरा गरेर देखाउनेछु । त्यसपछि डा. रोजर दौडको अभ्यासमा जुटे भने उनका मित्रहरू त्यस दिनको प्रतीक्षा गर्न थाले । रातदिन फुर्सदको समयमा अभ्यास गर्दागर्दै डा. रोजर एक कुशल धावक बनिसकेका थिए । अन्त्यमा उनको परीक्षाको घडी आइपुग्यो । उनका साथीहरू पनि यस दिनको तीव्र प्रतीक्षामा थिए भने उनी स्वयं पनि आफ्नो बोली प्रमाणित गरेर इतिहास रच्न आतुर थिए । दौड सुरु भयो । र, डा. रोजरले निर्धारित एक माइलको दूरी तीन मिनेट ५९ दशमलव ४ सेकेन्डमा पूरा गरेर आफूले भनेको कुरा सिद्ध गरिछाडे । डा. रोजरको यो क्षमता यतिमै मात्र सीमित रहेन । उनले सन् १९५२ मा फिनल्यान्डको राजधानी हेलसिन्कीमा आयोजित ओलम्पिक खेलमा बेलायतका तर्फबाट सहभागी भई स्वर्ण पदक हात पारे । आखिर निरन्तरको लगन र इच्छाशक्ति नै सफलताको सूत्र हो भनेर उनले संसारसामु प्रमाणित गरेर देखाए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

स्वास्थ्य स्वयंसेविकाको पीडा

नेपालमा बसोवास विशेष गरी गाउँघरका जनताले सामान्यभन्दा सामान्य रोगको उपचार पनि नपाएर रोगी भएर बसेका र रोग बोकेर दीर्घरोगी बनेका अवस्थामा महिला स्वास्थ्य स्वयंसेविकाले महत्त्वपूर्ण सेवा पुऱ्याउँदै आएका छन् । नेपालमा यस्ता स्वास्थ्य स्वयंसेविका झन्डै ५२ हजारभन्दा बढी छन् । यस्ता महिला स्वास्थ्य स्वयंसेविकाले चिकित्सक र अन्य स्वास्थ्यकर्मीले भन्दा धेरै नै उल्लेखनीय भूमिका निभाउँदै आइरहेको सञ्चारमाध्यमबाट सुन्न, हेर्न र देख्न पाइन्छ । आफ्नो उमेर हुँदा अरूको सेवामा समर्पित यी महिला स्वयंसेविका बुढेसकालमा भने रित्तो हात घर फर्कनुपर्ने अवस्था रहेकाले सरकारले उनीहरूका बारेमा तत्काल केही सोच्नु जरुरी देखिन्छ । अन्यथा उमेरभर अरूलाई सेवा दिएर नथाक्ने स्वयंसेविकाहरूको अवकाशपछिको जीवन कहालीलाग्दो हुने निश्चित छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

उत्पादनतर्फ चासो देऊ

नयाँ पत्रिकाको २२ मंसिरको झन् नयाँमा 'फोहोरको सदुपयोग' शीर्षकको सामग्री पढियो । जैविक फोहोरबाट मल र बायोग्यास उत्पादन गर्न सकिनेबारे बारम्बार बहस भइरहेको छ । तर, यसबारे कसैले पनि चासो दिएको देखिन्न । काठमाडौं महानगरका मेयर बालेन साहले पनि यसबारे खासै चासो दिएजस्तो देखिन्न । उनले सुरुमा जैविक र अजैविक फोहोर स्रोतमै छुट्याएर मात्र संकलन गर्ने भने पनि उनी आफ्नो निर्णयबाट पछि हटे र अहिलेसम्म त्यो नियम लागू भएको छैन, किन ?

● **अपूर्व मैनाली**
जोरपाटी, काठमाडौं

नेपाली युवतीको उद्धार गर

'नेपाली युवतीको चीनमा तस्करी' शीर्षकको समाचार पढियो । सोझासीधा नेपाली युवतीलाई बिहेलगायत अनेकौं प्रलोभन देखाएर चीन पुऱ्याउने र त्यहाँका चिनियाँ नागरिकको सन्तानप्राप्तिलगायतका स्वार्थ पूरा भएपछि अलपत्र पार्ने गरिएको समाचार प्रकाशित भएपछि अब सरकार आफैंले पहल गरी त्यस्ता अलपत्र युवतीलाई नेपाली दूतावासमार्फत सम्पर्कमा ल्याएर तत्काल उद्धार गर्नुको विकल्प छैन । यस कार्यमा नेपाल सरकारले चीन सरकारसित समेत कूटनीतिक च्यानलमार्फत कुराकानी गरी समस्या समाधानमा सहयोग लिन सक्नुपर्छ । यसतर्फ नेपाल सरकारले तत्काल पहल गरोस् ।

● **अमृत शेर्पा**, बौद्ध, काठमाडौं

प्रतिशोधको राजनीति कहिलेसम्म ?

रवि लामिछानेमाथि सरकारले लगाएको आरोप र उनीमाथि भइरहेको अमानवीय व्यवहारले सरकारको बद्नियत प्रतिशोधको राजनीतिलाई प्रस्ट पारेको छ । सहकारी घोटालाबाट पीडित लाखौं जनताका मुद्दा सम्बोधन गर्न असफल भएको सरकार अब लामिछानेलाई देखाएर ध्यान अन्यत्र मोड्न खोज्दै छ । सहकारीको अर्बौं रुपैयाँ इवाम पार्ने कांग्रेस-एमालेको योजनामा रवि लामिछाने एक सहज बहाना बनेको देखिन्छ । हिजो कांग्रेस र एमालेजस्ता दलहरूले देशको स्रोतसाधन कब्जा गरेर आफ्ना नेता र कार्यकर्तालाई मात्रै फाइदा पुऱ्याए । सहकारी घोटालाबाट जनता ठगिँदा यिनै दल मौन बसे । आज उनीहरूले जनताको मागमा जवाफ दिन नसक्दा लामिछानेलाई निशाना बनाएर आफ्नो अपराध छोप्ने प्रयासमा छन् । लामिछानेमाथि केन्द्रित सरकारको यो स्तरको प्रतिशोधको राजनीति केवल डरको उपज हो ।

पछिल्लो समयमा रातारात लामिछानेलाई उठाएर पोखरा लगिएको घटनाले पनि त्यही पुष्टि गर्छ । वर्तमान सरकार केवल रविविरोधी दमनमा सीमित छैन, ऊ देशको लोकतन्त्र, मानव अधिकार र न्यायप्रणालीमाथि नै दमन गर्न उद्यत देखिन्छ । सत्तारूढ कांग्रेस र एमालेको रणनीति विगतका सबै षड्यन्त्रभन्दा खतरनाक छ । सहकारीको रकम लुट्ने अपराधलाई छोप्न उनीहरूले लामिछानेलाई फसाउन खोजेका हुन् कि जस्तो देखिन्छ । सहकारी पीडितको आवाज दबाएर रविलाई मुद्दा लगाउनु भनेको जनता झुक्याउने नयाँ षड्यन्त्र हो ।

● **सन्तोष सिम्खडा**, हाल : जापान, टोकियो
santoshsimkhada679@gmail.com

असदको पतन र मध्यपूर्वमा यसको प्रभाव

अधिकांश सिरियाली जनताले असदको पतनको स्वागत गरे पनि तिनको जीवनमा उल्लेखनीय सुधार आउँछ या आउँदैन भन्ने देखिन बाँकी छ



देश / विदेश

● अली मामौरी

सिरियाको राजधानी दमास्कसले सुन्नी विपक्षीसामु घुँडा टेकेको छ । दमास्कसको एकाएकको पतनले मध्यपूर्वमा महत्त्वपूर्ण मोड निम्त्याएको छ । सन् २०११ देखि विद्रोह, गृहयुद्ध र प्रतिबन्ध सामना गरेका बसर अल-असदको सत्ता प्रतिरोधविनै ढलेको छ । यस परिवर्तनले क्षेत्रीय शक्ति सन्तुलनलाई नयाँ स्वरूप दिएको छ र असदपछिको सिरियाको भविष्य तथा छिमेकी देश एवं अन्तर्राष्ट्रिय शक्तिका भूमिकाबारे प्रश्न खडा गरेको छ ।

असद सत्ताको पतनसँगै सिरिया अहिले राजनीतिक रूपमा तीन प्रमुख हिस्सामा विभाजित र खण्डित भएको छ । र, प्रत्येकका बाह्य समर्थक एवं पृथक् उद्देश्य छन् ।

१. **ह्यात तहरिर अल-साम नेतृत्वको सिरियाली विपक्षी शक्ति** : यी समूह टर्कीको समर्थनमा चलिरहेका छन् । यिनले उत्तरी टर्कीको सिमानादेखि दक्षिणी जोर्डनको सिमानासम्म फैलिएको मध्य सिरियामा नियन्त्रण गरिरहेका छन् । यिनीहरू सबै सुन्नी छन्, तर सुन्नी गुटबिचको आन्तरिक विवादले एकताबद्ध सरकार गठन गर्ने वा दीर्घकालीन स्थिरता कायम राख्ने मामिलामा चुनौती व्यहोर्न सक्छ । यो विपक्षी शक्तिमा इस्लामिक स्टेट र अल-कायदाबाट आएका पूर्वजिहादीदेखि सन् २०११ को विद्रोहपछि असदको सेनाबाट अलग भएको सिरियन नेसनल आर्मीजस्ता धर्मनिरपेक्ष समूह पनि समावेश छन् ।

२. **कुर्दिस शक्ति** : कुर्दिस समूहले उत्तरपूर्वी सिरियालाई नियन्त्रणमा राखेको छ । जसले उत्तरमा टर्की र पूर्वमा इराकसँग सिमाना साझा गर्छ । यो तप्काले अमेरिकाबाट निरन्तर समर्थन पाइरहेको छ र अमेरिकाले कुर्दिस समूहको क्षेत्रमा सैनिक अड्डा स्थापनासमेत गरेको छ । यसले टर्कीसँगको तनाव बढ्ने जोखिम पैदा गरेको छ ।

३. **अलावी शक्ति** : असद समर्थित अलावी समूह मुख्यतः पश्चिमी सिरियाका तटीय क्षेत्रमा केन्द्रित छन् । यो समूहले इरान, इराक र लेबनानको हिजबुल्लाह लडाकुसँग बलियो सम्बन्ध राख्छ । यी क्षेत्र दमास्कसमा विपक्षी शक्तिको कब्जापछि असद समर्थित समूहको गढका रूपमा रहन सक्छन्, जसले साम्प्रदायिक विभाजनलाई थप बल दिनेछ ।

असद सत्ताको अकस्मात पतनले मध्यपूर्वका प्रमुख खेलाडीमाथि गहिरो असर पार्नेछ । टर्कीको बलियो समर्थनमा रहेका सुन्नी विद्रोहीले सिरियाको कमजोर अवस्थालाई आफ्नो फाइदाका रूपमा उपयोग गरेका छन् । असद सत्ताका सहयोगी अन्यत्र व्यस्त थिए । रुस युक्रेनसँगको युद्धमा होमिएको छ भने इरान र अन्य समर्थक इजरायलसँगको द्वन्द्वमा मुछिएका छन् । यो अवस्थाले विद्रोहीलाई द्रुतरूपमा राजधानी दमास्कससम्म पुग्न रणनीतिक अवसर प्रदान गऱ्यो । टर्कीले पहिल्यै उत्तरी सिरियाको एक हिस्सामा नियन्त्रणमा लिएको छ, जहाँ यसका सेनाले सिरियाली कुर्दिस बलसँग लडिरहेका छन् । दमास्कसको सत्ता पतन र टर्कीका सिरियाली विपक्षी सहयोगीको विजयसँगै यसले सिरियामा आफ्नो राजनीतिक र सैनिक प्रभाव विस्तार गर्ने अपेक्षा गरिएको छ, जसले आत्मनिर्णयका लागि संघर्षरत कुर्दिस अल्पसंख्यकसामु थप चुनौती सिर्जना गर्नेछ ।

इजरायल पनि रणनीतिक रूपमा थप बलियो अवस्थामा पुगेको छ । असदको पतनले इरान, सिरिया र लेबनानको हिजबुल्लाह, गाजाको हमास, यमनका हुथी विद्रोहीजस्ता तेहरान समर्थित छद्म समूह मिलेर बनेको तथाकथित गठबन्धन 'एक्सिस अफ रेसिस्टेन्स'लाई छिन्नभिन्न पार्नेछ ।



तस्बिर : ओमार सनादिकी/एपी

इरानका हिजबुल्लाहसम्मका महत्त्वपूर्ण सैन्य आपूर्ति मार्गमा सम्भवतः अवरोध हुनेछ । नतिजा, हिजबुल्लाह लडाकु समूह थप कमजोर हुने सम्भावना छ ।

यसबाहेक सिरिया जातीय र धार्मिक समूहमा विभाजित हुँदा इजरायलका क्षेत्रीय चिन्ता/चासोलाई घटाउन सक्छ । नतिजा, इजरायललाई आफ्ना व्यापक रणनीतिक लक्ष्यलाई अगाडि बढाउन अवसर प्रदान गर्नेछ । उदाहरणका लागि गत महिना इजरायलले हिजबुल्लाहसँग युद्धविरामको सहमति गरेपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आफ्नो ध्यान 'इरानी खतरा'लाई रोक्नमा केन्द्रित हुने बताएका थिए ।

इरानले धेरै क्षति व्यहोर्नेछ । असद इरानको क्षेत्रीय छद्म सहयोगीको सञ्जालका महत्त्वपूर्ण सहयोगी थिए । उनको सत्ता पतन इजरायलले हिजबुल्लाह र हमासजस्ता अन्य साझेदारमाझ पहिल्यै पुऱ्याएको ठूलो क्षतिका कारण पनि भएको हो । इरानको क्षेत्रीय प्रभाव अब गम्भीर रूपमा घटेको छ, जसले यसलाई इजरायलसँगको प्रत्यक्ष संघर्षका लागि थप संवेदनशील बनाइदिएको छ ।

सिरिया खण्डित हुनुले छिमेकी राष्ट्र टर्की, इराक, जोर्डन र लेबनानका लागि पनि महत्त्वपूर्ण सुरक्षा जोखिम सिर्जना गर्नेछ । शरणार्थी प्रवाह, सीमापार हिंसा र साम्प्रदायिक तनाव बढ्न सक्नेछ । टर्कीले अहिले ३० लाखभन्दा बढी सिरियाली शरणार्थीलाई आवास दिएको छ र यीमध्ये धेरैले असदको सरकार ढलेपछि घर फर्किन पाउने भन्ने आशा राखेका छन् ।

सिरियाको अस्थिरताले इराक र लेबनानमा मौजुदा नाजुक राजनीतिक र आर्थिक स्थितिलाई थप बिगार्न सक्छ । सिरियाको जातीय र धार्मिक आधारमा बाल्कनाइजेसन (पृथकीकरण) मध्यपूर्व क्षेत्रका अन्य समूहलाई आफ्ना स्वायत्तता प्राप्तिका लागि सरकारविरुद्ध विद्रोह गर्न उत्प्रेरित गर्न सक्छ । यसले मध्यपूर्व क्षेत्रभरका विभाजनलाई थप गहिरो बनाउँदै द्वन्द्वलाई लम्ब्याउने जोखिम पैदा गर्छ ।

धेरै सिरियालीले असदको पतनको स्वागत गरे पनि आमसिरियाली जनताको जीवनमा उल्लेखनीय सुधार आउँछ वा आउँदैन भन्ने देखिन बाँकी नै छ । सिरियामा एकीकृत र अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त सरकारको अभावका कारण प्रतिबन्ध हट्ने सम्भावना कम छ । यसले पहिले नै ध्वस्त भएको सिरियाली अर्थतन्त्रमाथि थप दबाब दिनेछ, मानवीय संकटलाई गहिरो बनाउनेछ र सम्भवतः चरमपन्थीलाई प्रोत्साहित गर्नेछ ।

(मामौरी डिकिन विश्वविद्यालयमा मध्यपूर्व अध्ययनका शोधकर्ता फेलो हुन्)

द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

सिरियामा ढल्यो असदको सत्ता

राष्ट्रपतिले देश छाडेको विद्रोहीको दाबी

सिरियाली राष्ट्रपति बसर अल असदको सत्ता ढलेको छ । सन् २००० को जुलाईदेखि देशको १९औँ राष्ट्रपतिका रूपमा लामो समयदेखि शासन गरिरहेका असदले अन्ततः विद्रोहीसामु घुँडा टेकेका छन् । असदले देश छोडेर भागेको विद्रोहीहरूले दाबी गरेका छन् । दमास्कस आफ्नो कब्जामा आएपछि विद्रोही समूह हयात तहरिर अल साम (एचटिएस)ले राष्ट्रपति असदले देश छाडेर भागेको दाबी गरेको हो । विद्रोही फौज दमास्कस प्रवेश गरेसँगै त्यहाँको सरकारी टेलिभिजनले प्रसारण बन्द गरेको थियो । यसअघि सन् २०११ मा पनि असदको शासनविरुद्ध विद्रोह भएको थियो । सुरुमा शान्तिपूर्ण भएको आन्दोलन गृहयुद्धमा परिणत भएको थियो । युद्धमा विभिन्न क्षेत्रीय समूह र वैश्विक शक्ति सहभागी थिए । सिरियाली सेनालाई रुस र इरान समर्थित लडाकु समूहले असदको सेनालाई सहयोग गरेको थियो भने अमेरिकाले कुर्दिस विद्रोहीलाई सरकारविरुद्धको संघर्षमा साथ दिएको थियो । गृहयुद्धमा पाँच लाखको मृत्यु भएको छ भने एक करोडभन्दा बढी मान्छे विस्थापित भएका छन् ।दमास्कसमा विद्रोहीले असदको बहिर्गमनको घोषणा गर्दै सडकमा विजय उत्सव मनाएका थिए । रुसका रक्षामन्त्रीले राष्ट्रपति असदले देश छाडेको बताएका छन् । रोयटर्सले सिरियाली अधिकारीलाई उद्धृत गर्दै राष्ट्रपति असद दमास्कसबाट विमान चढेर भागेको जनाएको छ । बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सका प्रमुख रामी अब्देल रहमानले पनि असद दमास्कस अन्तर्राष्ट्रिय विमानस्थल हुँदै सिरिया छोडेको बताए । तर, असद कहाँ गए भन्ने कसैले भन्न सकेको छैन ।

-एजेन्सी

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/२४

यस कार्यालयबाट मिति २०८१/०६/२१ र २०८१/०७/१४ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/07/081-82 र LIDPO/PKR/IFB/WORKS/09/081-82 अनुसार दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरू मध्येबाट तपसिलका ठेक्काहरूका लागि तपसिल बमोजिमका बोलपत्रदाताहरू न्यूनतम मूल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ऐ.ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

सि. नं.	ठेक्का नं.	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अङ्क (मू.अ.कर र पि.एस. बाहेक)
1	LIDPO/PKR/W/NCB/01/081-82	M/S Omkar builders Gokarneshwor-12, Kathmandu	रु. 1,18,79,645.21
2	LIDPO/PKR/W/NCB/78/081-82	M/S K.D.M Construction and suppliers pvt ltd, kageshwori mamahara-05.	रु. 6,013,670.14
3	LIDPO/PKR/W/NCB/79/081-82	M/S New Kamana-Dolep J.V,Myagyang-03	रु. 55,13,126.00
4	LIDPO/PKR/W/NCB/80/081-82	M/S Anwesha Construction, chhang 05, Tanahun	रु. 68,93,658.00
5	LIDPO/PKR/W/NCB/81/081-82	M/S Khandaluk Construction and Suppliers Bulingtar-03	रु. 72,01,616.50
6	LIDPO/PKR/W/NCB/82/081-82	M/S New Kamana-Dolep JV Myagyang-03	रु. 1,18,01,360.45
7	LIDPO/PKR/W/NCB/83/081-82	M/S Panchamul Nirman Sewa, Birauta	रु. 29,19,424.50
8	LIDPO/PKR/W/NCB/84/081-82	M/S T.B Construction and Builders,Pokhara	रु. 58,28,509.40
9	LIDPO/PKR/W/NCB/85/081-82	M/S Shree Dhurba Laxmi Construction Company, Tanahun	रु. 61,94,884.00
10	LIDPO/PKR/W/NCB/86/081-82	M/S New Tinkanya Nirman Sewa, Benighat-01, Dhading	रु. 32,00,000.66
11	LIDPO/PKR/W/NCB/87/081-82	M/S Shree Dhurba laxmi Construction company, Tanahun	रु. 60,13,403.60
12	LIDPO/PKR/W/NCB/88/081-82	M/S Tarakeshwor Construction pvt ltd., Kathmandu	रु. 62,36,412.00
13	LIDPO/PKR/W/NCB/89/081-82	M/S T.B Construction and Builders,Pokhara	रु. 57,61,525.00
14	LIDPO/PKR/W/NCB/90/081-82	M/S Arghaun Developers Pvt ltd,Kaski	रु. 65,20,850.00
15	LIDPO/PKR/W/NCB/91/081-82	M/S Samrat Builders, Kaski	रु. 72,88,179.22
16	LIDPO/PKR/W/NCB/92/081-82	M/S R.S Construction Pokhara-05	रु. 97,87,005.03
17	LIDPO/PKR/W/NCB/93/081-82	M/S Ramaniya Rubyvalley Construction Pvt. Ltd., Kathmandu	रु. 1,16,98,879.01
18	LIDPO/PKR/W/NCB/125/081-82	M/S Jaljala Construction, Parbat	रु. 1,05,89,236.15

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८१।०८।२४)

यस कार्यालयको मिति २०८१/०६/१६ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागी सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

क्र. सं.	ठेक्का नम्बर	कामको विवरण	बोलपत्रदाताको नाम, ठेगाना	न्यूनतम मूल्याङ्कित कबोल अंक मू.अ.कर र PS सहित रु.	कैफियत
१.	NCB/JRM/W/09/2081/082	Upgrading of Ward 9 Road (Arunodaya-Theki, Adhuro Katanse, Tikapur Dudejhari-Janata School Road) , Janaki-9, Kailali	के एस आर निर्माण सेवा, जानकी- ९, कैलाली	२२,३८,९२१।२४	
२.	NCB/JRM/W/10/2081/082	Construction of Adhuro Bhirkuti Ma. Vi. School Building, Janaki -3, Kailali.	जय प्रभु निर्माण सेवा, टीकापुर -१ कैलाली	३०,८७,०८७।९६	
३.	NCB/JRM/W/11/2081/082	Construction of Adhuro Moti Ma. Vi. School Building, Janaki -7, Kailali.	शम्भु सुनन्दा निर्माण सेवा, लमही- ५, दाङ	२८,३१,६६७।२४	
४.	NCB/JRM/W/11/2081/082	Construction of Adhuro Bal Jyoti Ma. Vi. School Building, Janaki -6, Kailali	शम्भु सुनन्दा निर्माण सेवा, लमही- ५, दाङ	२८,६९,६४५।७५	

साथै ठेका नं. NCB/JRM/W/13/2081/082 (Construction of Adhuro Rastriya Aa. Vi. School Building, Janaki –8, Kailali) को बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (१) (ख) बमोजिम अस्विकृत भई खरिद कारबाही रद्द गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

भावपूर्ण श्रद्धाञ्जली

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो ।



जन्म:
१९८७ असार १० गते

स्वर्गारोहण:
२०८१ मंसिर १३ गते

स्व. लीलाप्रसाद गिरि

हाम्रा आदरणीय **लीलाप्रसाद गिरि**को ९४ वर्षको उमेरमा हुनगएको असामयिक एवं दुःखद निधनको आज १२औं पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित बैकुण्ठवासहोस् भन्ने प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै हामीमाथि परेको यो असहनीय दैविक प्रहारप्रति सहानुभूति राखी समवेदना प्रकट गर्ने र शवयात्रामा सरिक भई पशुपति आर्यघाटसम्म समेत गई अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुहुने हाम्रा सम्पूर्ण परिवारजन, हितैषी मित्रजन, वन्धु, छरछिमेकी एवं अन्य सबै महानुभावहरुमा हृदयदेखि कै साधुवाद टक्राउँदछौं ।

श्रीमती मञ्जू गिरि
मध्य बानेश्वर (का.म.न.पा. ३१)

छोरा / वुहारी
राजेन्द्रप्रसाद गिरि
श्रीमती नीता गिरि
रत्नप्रसाद गिरि
श्रीमती शान्ति थापा गिरि

छोरी / ज्वाई
श्रीमती रस्मी गिरि
व्रेनडन काहिल
श्रीमती रुक्मी भारती
दीपकप्रसाद भारती

नाति / नातिनी वुहारी
आविष्कार गिरि
श्रीमती अनुपमा गिरि
आयुष गिरि
श्रीमती सिद्धिदा आचार्य गिरि
अनिकेत गिरि
श्रीमती नीतु सिंह गिरि
आदर भारती
श्रीमती सागरिका भारती

नातिनी / नातिनी ज्वाई
श्रीमती आयशा गिरि रेग्मी
विक्रम रेग्मी
अलिसा गिरि
आकृति भारती

पनाती/पनातिनी
अभानी गिरि
लियोन रेग्मी

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा
जावलाखेल, ललितपुर

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८१/०८/२४)

यस महाशाखाबाट मिति २०८१/०७/१५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Invitation for Online Bids को निम्न सूचनाहरु (Single Stage Two Envelope Bidding Procedure) बमोजिम पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) बमोजिम आर्थिक प्रस्ताव खोल्ने प्रयोजनका लागि तपशिल मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा सरोकारवाला सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

आर्थिक प्रस्ताव खोलिने मिति र समय: वि.स २०८१/०९/०१ दिउँसो १:०० बजे
स्थान: जलस्रोत तथा सिंचाइ विभाग

क) ठेक्काको नाम र नं. :- WIDMD/NCB/Works/81-82/02; "Protection Work at Thuli Bheri River, Dolpa"

S. N.	Name of Bidder and Address	Responsive/ Non-Responsive	Remarks
1	Ramechhap- Dolpa Hirachan JV, Thulibheri-3, Dolpa	Responsive	
2	Kutumba-Him Srinkhala- DJ JV, Thakurbaba-9, Bardiya	Non-Responsive	Does not meet Evaluation and Qualification Criteria (EQC) 2.1.10 (Kutumba)
3	Khadka-Shiva-Om JV, Boudha-6, Kathmandu	Non-Responsive	Does not meet EQC 2.1.10 (Khadka)
4	Subha N.S.-OBEPL JV, Tokha-11, Kathmandu	Responsive	
5	Santosh- BRT- Kushal & Shahil JV, Tulsipur-7, Dang	Responsive	
6	Pokhara- Sanjibani- Hillside JV, Pokhara, Nepal	Responsive	
7	Aman International Trade Link P. Ltd., Lalitpur-14, Talchhikhel	Responsive	
8	Guthichaur- Konda JV, Ktm-7, Gopikrishna Nagar	Non-Responsive	Does not meet EQC 2.4.6
9	NT-EW-AC JV, Bhaktapur, Nepal	Responsive	

ख) ठेक्काको नाम र नं. :- WIDMD/NCB/Works/81-82/03; "Manthali Bazar Protection Works, Ramechhap"

S. N.	Name of Bidder	Responsive/ Non-Responsive	Remarks
1	M/S Chamunda- Pancha Pokhari JV, Koteshwor -32, Kathmandu	Non-Responsive	Bank Voucher for purchase of Bid document not submitted
2	M/S Gauri Ganesh Nirman Sewa, Mahankal-9, Sindhupalchowk	Responsive	
3	M/S RDR-Naulo Safal-Pushpahem JV, Manthali-1, Ramechhap	Responsive	
4	M/S Bashistha-Shailungeshwori Chaurikhola-Buddha JV, Doramba Shailung-07, Ramechhap	Non-Responsive	Does not meet EQC 2.4.6
5	M/S GSCSK- CS JV, Kamalamai-6, Sindhuli	Non-Responsive	Bid security not verified
6	M/S Shankar Nirman Sewa, Manthali, Ramechhap	Non-Responsive	Does not meet EQC 2.3.1
7	M/S DJ Nirman Tatha Dhuwani Sewa Pvt. Ltd, Letang- 8, Morang	Responsive	
8	M/S Key West-Reliance JV, New Baneshwor-10, Kathmandu	Responsive	
9	M/S Sunchhahari-BK JV, Kathmandu Municipality-35, Pepsicola , Kathmandu	Responsive	
10	M/S Triveni Lafa-Prabesh Brothers JV, Banasthali-15, Kathmandu	Non-Responsive	Does not meet EQC 2.3.3
11	M/S Mission Construction & Suppliers Pvt. Ltd, Baneshwor-10, Kathmandu	Responsive	

महाशाखा प्रमुख

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार २४ मंसिर ०८१

■ कोशीमा चार सय किलोमिटरका चार पदमार्ग पर्यटन विकास कार्यक्रम सुरु

साढे दुई अर्ब लगानी



पर्यटन विकासको परिवर्तन गर्ने कार्यक्रम

● **हिक्मतकुमार कार्की**, मुख्यमन्त्री

कोशी प्रदेश पदमार्ग पर्यटनको भर्जिन क्षेत्र भएकाले परियोजना सफल भएमा देशकै पर्यटन विकासका लागि परिवर्तनको नमुना हुनेछ। हामीलाई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा चिनाउने र आर्थिक रूपमा सम्पन्न बनाउने काम पर्यटनले मात्र गर्न सक्छ। यसैले कोशी प्रदेश सरकारले ०८२ लाई प्रदेश पर्यटन वर्ष पनि घोषणा गरिसकेको छ।



दीर्घकालीन पर्यटनको विकास हुने विश्वास

● **डानियेल म्युवली**, स्विस राजदूत

पदमार्गमा आधारित कार्यक्रमले संघीयताको अभ्यासलाई बलियो बनाउनेछ। परियोजनाले उपेक्षित वर्गको आर्थिक चुनौती समाधान गर्दै स्थानीय समुदायको आत्मनिर्भता विकास गर्ने विश्वास छ। परियोजनाले प्रदेशको अर्थतन्त्र वातावरण र सांस्कृतिक सम्पदामा दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्ने आपेक्षा पनि छ।

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशका पहाडी, उच्च पहाडी र हिमाल भेगका चार सय किलोमिटर क्षेत्रको चार पदमार्गमा पर्यटन विकास परियोजना निर्माण हुने भएको छ। संघीय सरकार, प्रदेश सरकार, स्थानीय पालिकाहरू र स्विस सरकारको संयुक्त लगानीमा दुई अर्ब ४५ करोड ४१ लाख लगानी रहेको उक्त पदमार्ग पर्यटन विकास परियोजनाको आइतबार कोशी प्रदेशका मुख्य मन्त्री हिक्मतकुमार कार्की र नेपालका लागि स्विटजरल्यान्डका राजदूत डा. डानियल म्युवलीले संयुक्त रूपमा विराटनगरमा शुभारम्भ गरेका छन्।

■ २९ पालिकामा कार्यक्रम

२७ वैशाख ०८१ देखि १६ साउन ०८५ सम्म सञ्चालन हुने कोशी प्रदेशमा पदमार्गमा आधारित विकास (ट्रेलबेस टुरिजम डेभलपमेन्ट प्रोजेक्ट) परियोजना सफल बनाउन चार पदमार्ग पर्ने २९ पालिकाहरूले पनि आइतबारै सामूहिक हस्ताक्षर गरेर प्रतिबद्धता जनाएका छन। पदमार्ग परियोजनाभित्र शंखुवासभाको चैनपुर, मकालु, पाँचथरको फिदिम नगरपालिका, फाल्गुनन्द गाउँपालिका, तेह्रथुमको लालीगुराँस नगरपालिका, इलाम नगरपालिका, सूर्योदय नगरपालिका, सुनसरीको वराह क्षेत्र नगरपालिका अनि भोजपुरको टेम्केमैयुङ, सन्दकपुर, साल्पा सिलिचुङ, रामप्रसाद राई, हतुवागढी चिचिला र आमचोक गाउँपालिकालगायत रहेका छन्।

■ चार लाख श्रमिकलाई प्रत्यक्ष रोजगारी

पहिलोपटक सुरु भएको चार सय किलोमिटरको पहिलो चरणमा चार वर्षका लागि चार पदमार्ग चयन गरिएका छन्। जसमा कोशीका पहाडी, उच्च पहाडी र हिमाली जिल्लाका इलाम, फिक्कल, श्रीअन्तु जोडिएको चियाबारी पदमामार्ग। पाँचथरको फिदिम दिन्ताप्पु, सन्दकपुर, माइपोखरी, इलाम अनि फिदिम, लुब्रेकोटी, सिलौटी, पौवाभन्ज्याङ, गुरुवाले, सन्दकपुर, माइपोखरी हुँदै इलाम जोडिएको फाल्गुनन्द पदमार्ग। तुम्लिङटार, खाँदबारी, नुम, गुफापोखरी, वसन्तपुर, जलजले, तिनजुरे मिल्के जोडीको लालीगुराँस पदमार्ग। र तावा भन्ज्याङ, ट्याम्के डाँडा , चखेवा, डालसिँगे, धोत्रे, जलजले, हाँसपोखरी र मैयुडडाँडा र ह्याकुले, रावाधाप, साल्पा पोखरी, सिलिचुङचुली मुन्दुम पदमार्ग छन्।

पदमार्गमा आधारित पर्यटन विकास परियोजनाका टिम लिडर डा. मानबहादुर विश्वकर्माका अनुसार कोशी प्रदेशमा ८२ प्रतिशत पहाडी र हिमाली भेग छ। देशका अग्ला आठमध्ये पाँचवटा हिमाल कोशीमै पर्छन्। पहिचान भएर कार्यान्वयनमा आएका पदमार्ग पर्यटन कार्यक्रमले एक लाख स्थानीयलाई निरन्तर प्रत्यक्ष रोजगार बनाउने लक्ष्य लिएको छ। पदमार्गको प्राकृतिक निर्माण तथा पुनर्निर्माण र स्तरोन्नतिमा चार लाख श्रमिकले प्रत्यक्ष रोजगारी पाउनेछन्।

यसैगरी, पदमार्गका विभिन्न होटेल र होमस्टेका लागि एक हजारजना स्थानीयलाई विभिन्न सीपसम्बन्धी तालिम दिइनेछ। परियोजनाको अन्तिम चरणसम्म पर्यटन पदमार्गअन्तर्गत करिब ७८ हजार पर्यटनकले पदमार्ग भ्रमण गर्ने अनुमान छ। यस्तै, पदमार्गमा दुई हजार निरन्तर नयाँ रोजगारी सिर्जना हुनेछ।

कोशी प्रदेशका पदमार्गमा भएका वडाहरूमा दुई लाख ११ हजार उपेक्षित समूह र करिब ३८ हजार ६ सय विपन्न समूहका मानिस बसोवास गर्छन्। यीमध्ये ४० प्रतिशतलाई पदमार्ग पर्यटन कार्यक्रमले समेट्नेछ। पदमार्ग पर्यटन कार्यक्रम सफल भएमा स्थानीयले दैनिक कम्तीमा दुई लाख रुपैयाँ आम्दानी गर्न सक्नेछन्।

साढे पाँच खर्बका दुई ठुला जलविद्युत्को बहुमत सेयर निजी क्षेत्रलाई बेचिँदै

१,९०२ मेगावाटको मुगु कर्णाली र ४५४ किमाथांका अरुणको न्यूनतम ५१ प्रतिशत सेयर किन्न प्रस्ताव आह्वान

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बहुमत सेयर निजी क्षेत्रलाई बेच्ने गरी सरकारी स्वामित्वका दुई ठुला जलविद्युत् परियोजनामा सेयर लगानी आह्वान गरिएको छ। सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले आइतबार एक सूचना जारी गर्दै १,९०२ मेगावाटको मुगु कर्णाली जलाशययुक्त र ४५४ मेगावाटको किमाथांका अरुण अर्धजलाशययुक्त जलविद्युत् आयोजनामा न्यूनतम ५१ प्रतिशत स्वपुँजी लगानी गर्न प्रस्ताव आह्वान गरेको हो।

सरकारी स्वामित्वमै रहेका दुई परियोजनाको लागत अनुमान पाँच खर्ब ५३ अर्ब ८० करोड गरिएको छ। किमाथांका अरुण ९३ अर्ब ८० करोड रुपैयाँ र मुगु कर्णालीको चार खर्ब ६० अर्ब लागत अनुमान गरिएको छ। कम्पनीले सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा यी दुई परियोजनामा स्वदेशी लगानी प्रस्ताव आह्वान गरेको हो। कम्पनीका अनुसार ८ पुसको दिउँसो १२ बजेसम्म इच्छुक लगानीकर्ताले प्रस्ताव पेस गरिसक्नुपर्नेछ। सोही दिन दिउँसो दुई बजे प्रस्ताव खोलिने कम्पनीले जनाएको छ। यसमा इच्छुक कम्पनीले न्यूनतम ५१ प्रतिशत सेयर किन्ने प्रस्ताव पेस गर्नुपर्नेछ।

सरकारले लामो समयदेखि परियोजना अलपत्र पारेको अवस्थामा निजी क्षेत्रमा आउँदा सकारात्मक हुने पूर्वसचिव सुशीलचन्द्र तिवारीले बताए। हालसम्म सरकारको स्वामित्वमा रहेका यी दुई परियोजनाको बहुमत सेयर निजी क्षेत्रमा जाने देखिएको छ। यद्यपि, सरकारी संस्थानहरूले पनि प्रस्ताव पेस गर्न भने सक्नेछन्। कम्पनीका प्रमुख कार्यकारी अधिकृत बखतबहादुर शाहीले स्वदेशी लगानी प्रोत्साहन गर्ने उद्देश्यसहित स्वदेशी लगानीकै लागि प्रस्ताव आह्वान गरिएको बताए। यो मोडेलमा परियोजना बन्ने भएमा पहिला छनोट हुने कम्पनी र विद्युत् उत्पादन कम्पनीको संयुक्त कम्पनी स्थापना गरिनेछ। जोइन्ट भेन्चर कम्पनीमा छनोट हुने कम्पनीको न्यूनतम ५१ प्रतिशत र बाँकी



विद्युत् उत्पादन कम्पनीको सेयर लगानी हुनेछ। स्थानीय र सर्वसाधारणलाई पनि उचित हिस्सामा सेयर दिन सकिने कम्पनीको भनाइ छ। स्थानीय र सर्वसाधारणलाई दिइने सेयर जलविद्युत् उत्पादन कम्पनीको भागबाट दिइनेछ। परियोजनालाई चाहिने ऋण पनि जोइन्ट भेन्चर कम्पनीले नै खोज्नुपर्नेछ।



यद्यपि, प्रस्ताव पेस गर्न १५ दिन मात्रै समय दिइएको छ। कुनै परियोजनामा लगानी प्रस्ताव पेस गर्न १५ दिन समय पर्याप्त मानिँदैन। तोकिएको मापदण्ड पूरा गर्न र आवश्यक कागजपत्र तयार गर्नसमेत समय लाग्छ। त्यसमाथि कतिपय लगानीकर्ताले परियोजनाको स्थगलगत अनुगमन पनि गर्न चाहन्छन्। यी सबै कार्य गर्न १५ दिनको मात्रै समय दिएर प्रस्ताव आह्वान गर्नु शंकास्पद देखिएको एक लगानीकर्ताले बताए। नजिकका कुनै कम्पनी तथा व्यक्तिलाई परियोजना सुम्पिने योजनासहित यो प्रस्ताव आह्वान गरिएको हुन सक्ने उनको भनाइ छ। 'यसअघि नै कुनै कम्पनीलाई तयारी अवस्थामा राखिएको हुन सक्छ। उसलाई नै मिल्ने गरी मापदण्ड तोकिएको हुन सक्छ। प्रस्ताव आह्वान गर्दा अन्य कम्पनीलाई तोकिएको मापदण्ड तथा कागजपत्र पूरा गर्न समय लाग्न सक्छ। त्यो अवस्थामा नजिकको कम्पनीको मात्रै प्रस्ताव आउने सम्भावना धेरै भयो। अन्य कम्पनीबाट प्रस्ताव आउने सम्भावना न्यून हुन्छ,' उक्त व्यवसायीले भने, 'यसो हुँदा यी परियोजना पनि नियोजित रूपमा सरकार निटकका कम्पनीले पाउने सम्भावना जोखिम छ।'

त्यसमाथि परियोजना निर्माणको पूर्वतयारीका काम पनि बाँकी छन्। दुवै परियोजनाका वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सरकारबाट स्वीकृत हुन बाँकी छ। विस्तृत परियोजना प्रतिवेदनले पनि अन्तिम रूप पाइसकेको छैन।

कम्पनीका सिइओ शाहीले परियोजनालाई निर्माणमा लैजाने उद्देश्यसहित प्रस्ताव आह्वान गरेको बताए। 'निर्माण पूर्वतयारीको काम बाँकी नै छ। तर, अधिकांश काम अन्तिम चरणमा पुगिसकेका छन्। यो वेलामा लगानी जुटाउँदा राम्रो हुन्छ। लगानी जुटाउने र पूर्वतयारीको काम सँगसँगै गर्दा छिट्टै निर्माणमा प्रवेश गर्न सकिन्छ,' उनले भने, 'समग्रमा परियोजनालाई छिटोभन्दा छिटो अघि बढाउने उद्देश्यसहित प्रस्ताव आह्वान गरेको हो। लगानी खोज्ने र पूर्वतयारीको काम सँगसँगै अघि बढ्छ।'

विद्युत् उत्पादन कम्पनीले सन् २०१८ मा १,९०२ मेगावाटको मुगु कर्णाली जलविद्युत् आयोजनाको सर्वेक्षण अनुमति पाएको थियो। गत वैशाख ०७९ मा मात्रै यस आयोजनाको पूर्वसम्भाव्यता सम्पन्न भएको थियो। कम्पनीले आयोजनाको निर्माण अनुमति माग्दै असार ०८० मा विद्युत् विकास विभागमा आवेदन दिएको छ। विभागबाट परियोजना निर्माणको अनुमति आउन बाँकी नै छ। यो परियोजनो हुम्ला बाजुरा र मुगु जिल्लामा पर्नेछ।

कम्पनीले संखुवासभामा बन्ने किमाथांका अरुण जलविद्युत् परियोजनाको निर्माणका लागि असार ०७९ मा विभागमा आवेदन दिएको छ। तर, त्यसको निर्माण अनुमतिपत्र अझै आइपुगेको छैन।

सेयर बजार निरन्तर ओरालो

काठमाडौं/ सेयर बजार परिसूचक नेप्से तीन दिनयता लगातार खस्किरहेको छ। गत बुधबार २४.९७ अंकले घटेर परिसूचक २,७५०.८७ विन्दुमा पुगेको थियो। बिहीबार १५.९३ अंकले घटेर परिसूचक २,७३४.९३ विन्दुमा बन्द भएको थियो। साताको पहिलो कारोबार दिन आइतबार पनि परिसूचक ४५.९३ अंकले घटेर २,६८० विन्दुमा रोकिएको छ। तीन दिनयता परिसूचक कुल ८६.८३ अंकले घटिसकेको छ।

आइतबार भने नेप्सेमा सूचीकृतमध्ये दुई सय १४ कम्पनीको सेयर मूल्य घटेको छ, भने २७ वटा कम्पनीको सेयर मूल्य मात्रै वृद्धि भएको छ।

स्टक ब्रोकर एसोसिएसन नेपालका अध्यक्ष सागर ढकालले विगतमा जस्तै यसपटक पनि राजनीतिक घटनाक्रमले सेयर बजारमा प्रभाव पारेको बताए। सरकारका मन्त्री फेरिने हल्ला भइरहेकाले बजार पनि प्रभावित भएको हुन सक्ने उनले बताए। 'राजनीतिक अस्थिरता निम्तने हल्लाले कारोबार बढ्न नसकेको जस्तो देखिन्छ। सेयर कारोबार घटिरहेको छ। अलिकति कन्फिडेन्स बढाउनुपर्ने देखिन्छ,' उनले भने।

पछिल्लो समय प्रधानमन्त्री केपी शर्मा ओली अर्थमन्त्री विष्णुप्रसाद पौडेलको कार्यसम्पादनलाई लिएर असन्तुष्ट भएको र अर्थमन्त्री फेरिने हल्ला बजारमा छ। यही कारण लगानीकर्तामा निराशा छाएको हुन सक्ने जानकारहरूको विश्लेषण छ।

'महासंघ नीतिगत सुधारमा केन्द्रित'



काठमाडौं/ उद्योग वाणिज्य महासंघले लगानी प्रवर्द्धन र नीतिगत सुधारमा केन्द्रित भएर निरन्तर पैरवी गर्दै आएको अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन्।

अध्यक्ष ढकाल नेतृत्वको नयाँ कार्यसमिति चयन भएको डेढ वर्ष पुगेको छ। यो अवधिमा अर्थतन्त्रमा निजी क्षेत्रको योगदान देखाउने प्रगति प्रतिवेदन सार्वजनिक गर्नुलाई महत्त्वपूर्ण उपलब्धि मानिएको छ। विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)सँगको सहकार्यमा महासंघले गत जेठमा 'स्टेट अफ प्राइभेट सेक्टर' प्रतिवेदन सार्वजनिक गरेको थियो। उक्त प्रतिवेदनले अर्थतन्त्रमा निजी क्षेत्रको ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान रहेको देखाएको थियो।

त्यस्तै, नीतिगत सुधारका क्षेत्रमा पहलकदमी लिने क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग विधेयकका साथै निजी क्षेत्रसँग सम्बन्धित १२ भन्दा बढी विधेयकमा भएको छलफलमा सहभागी भई राजनीतिक दललाई निजी क्षेत्रमा अख्तियारको प्रवेश रोक्न सहमत गराउन सफल भएको ढकालको दाबी छ।तीन वर्षदेखि खलबलिएको लगानीको वातावरणलाई सुधार गर्नुपर्ने चुनौतीलाई पनि महासंघ नेतृत्वले गम्भीरतापूर्वक लिई सहजीकरण गरिरहेको ढकालको भनाइ छ। महासंघले १० अर्ब पुँजीको लगानी कम्पनी खोलेर निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साह गर्ने र ठुला आयोजना सञ्चालनका लागि योगदान गर्ने निर्णयसमेत यही अवधिमा गरेको छ।

नेपालका लागि लगानी प्रवर्द्धन गर्न चीनमा दुई पटक नेपाल-चीन बिजनेस समिट आयोजना, नयाँदिल्लीमा नेपाल-भारत समिट र युएईमा नेपाल-दुबई बिजनेस फोरम आयोजना गरिएको थियो। त्यसैगरी, दक्षिण-पूर्वी एसियाली मुलुकका चेम्बरहरूको संगठन एसिया प्रशान्त क्षेत्रीय उद्योग वाणिज्य परिसंघ (क्यासी)को सम्मेलन नेपालमा आयोजना गरिएको थियो। पहिलोपटक राजधानीबाहिर भैरहवामा महिला उद्यमी सम्मेलन पनि आयोजना भएको थियो।

महासंघको अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरूमा निरन्तर संलग्नतापश्चात् सम्भावित लगानी गर्ने मुलुकसँग द्विपक्षीय लगानी सम्झौता आवश्यक रहेको विषय सम्बन्धित निकायमा निरन्तर माग गरेपछि द्विपक्षीय लगानी सम्झौताको खाका मन्त्रिपरिषद्ले पारित गरेको ढकालले जानकारी दिए। वैशाखमा आयोजित तेस्रो लगानी सम्मेलनलाई लक्षित गरी निजी क्षेत्रको आग्रहमा विभिन्न ऐनहरू संशोधन भई लगानीका लागि सहज भएको उनले बताए।

कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिनेबारे कृषि विकास बैंक लि. वागमती प्रदेश कार्यालय, काठमाडौंको ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८१/८/२४ गते)

